महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## अर्जुनधारा नगरपालिका

झापा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## अर्जुनधारा नगरपालिका

झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## अर्जुनधारा नगरपालिका

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(कोशी प्रदेश)**

पत्र संख्याः २०७९।८०
च.नं. १४५ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
अर्जुनधारा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
झापा ।

१. **कैफियतसहितको राय -** हामीले अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३१ करोड ९९ लाख ७९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ करोड ८ लाख ४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १६ करोड ६५ लाख ७० हजार, नियमित गर्नुपर्ने रु ५ करोड २६ लाख ७८ हजार र पेश्की रू. २ करोड ९९ लाख २७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३१ करोड ९९ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ६३ करोड ९९ लाख ५७ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

अर्जुनधारा नगरपालिका,

झापा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९९ | १४० | ३१९९७९ | ० | ० | ० | ९९ | १४० | ३१९९७९ | ७०८०४ | ५२६७८ | १६६५७० | ० | ० | २१९२४८ | २९९२७ |

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| प्रतिकृयाबाट फछ्र्यौट नभएको । | | | |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अर्जुनधारा नगरपालिका झापा | ३१९९७८ | ० | ० | ३१९९७८ | ० | ३१९९७९ | ६३९९५७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: अर्जुनधारा नगरपालिका, झापा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ambika prasad chaulagain | २०७८-३-२ | २०७८-९-१५ |
| कार्यालय प्रमुख | गिता कुमारी राई | २०७८-९-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | bipin lamsal | २०७८-७-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ramchandra ghimire | २०७७-४-१ | २०७८-५-२३ |
| | | **बेरुजु रकम** | ३१९,९७८,५८६.२३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १९,३२,७५,९३२.२३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,५०,११,६६२.०८ | **चालु खर्च** | ४२,७६,७६,६१६.३८ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,८६,०४,१५६.५५ | **पूँजीगत खर्च** | ३५,४५,४८,२१२.३४ |
| **राजश्व बाँडफाँट** | १८,०८,१३,९१९ | **वित्तीय/अन्य व्यवस्था** | २,३४,५७,४२६ |
| **आन्तरिक आय** | ५,४२,०९,४१५.८७ | | |
| **अन्य आय** | ९,३६,२३,२३२.९७ | | |
| **कुल आय** | ८४,२२,६२,३८६.४७ | **कुल खर्च** | ८०,५६,८२,२५४.७२ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | २२,९८,५६,०६३.९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न अर्जुनधारा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अन्तर्गत ११ वडा, नगरसभा सदस्य ६० जना, १०९.८६ व.कि.मी. क्षेत्रफल, ४५१७४ जनसंख्या र १ नंम्वर प्रदेशमा अवस्थित छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आर्थिक विवरण**<br><br>आर्थिक वर्ष २०७८।७९ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ । | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सो झै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८५,२२,९७,९३५.५० | ८४,२२,६२,३८६.४७ | | ८४,२२,६२,३८६.४७ | ८१,६३,७४,७३३.९१ | | ८१,६३,७४,७३३.९१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८३,३७,९५,२३०.०० | ७४,८६,३९,१५३.५० | ० | ७४,८६,३९,१५३.५० | ७५,४५,१७,५०२.७९ | ० | ७५,४५,१७,५०२.७९ |
| ११००० कर | ११ | १८,१५,६४,८८५.२४ | १९,७४,८७,६६८.२९ | ० | १९,७४,८७,६६८.२९ | १९,५२,९४,८६२.६५ | ० | १९,५२,९४,८६२.६५ |
| १३००० अनुदान | | ५७,५९,६७,०००.०० | ५१,३६,१५,८१८.६३ | ० | ५१,३६,१५,८१८.६३ | ५२,३५,७४,५६७.५० | ० | ५२,३५,७४,५६७.५० |
| संघीय सरकार | १२ | ५२,७६,८७,०००.०० | ४७,५०,११,६६२.०८ | ० | ४७,५०,११,६६२.०८ | ५०,४१,०७,६२०.०० | ० | ५०,४१,०७,६२०.०० |
| प्रदेश सरकार | १२ | ४,८२,८०,०००.०० | ३,८६,०४,१५६.५५ | ० | ३,८६,०४,१५६.५५ | १,८०,२८,०००.०० | ० | १,८०,२८,०००.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | १३,८८,९४७.५० | ० | १३,८८,९४७.५० |
| जनसहभागिता | | ० | ० | ० | ० | ५०,०००.०० | ० | ५०,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | ७,६२,६३,३४४.७६ | ३,७५,३५,६६६.५८ | ० | ३,७५,३५,६६६.५८ | ३,५२,८५,६३७.७९ | ० | ३,५२,८५,६३७.७९ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ३,६२,४३४.८५ | ० | ३,६२,४३४.८५ |
| ख. अन्य प्राप्ति | | १,८५,०२,७०५.५० | ९,३६,२३,२३२.९७ | | ९,३६,२३,२३२.९७ | ६,१८,५७,२३१.१२ | | ६,१८,५७,२३१.१२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ६,०७,४२,७०१.०० | ० | ६,०७,४२,७०१.०० | ४,०१,०६,६३६.०० | ० | ४,०१,०६,६३६.०० |
| कोषहरु | | १,८५,०२,७०५.५० | १,२६,४३,२७४.०० | ० | १,२६,४३,२७४.०० | १,२५,१९,६३८.०० | ० | १,२५,१९,६३८.०० |
| धरौटी | | ० | २,०२,३७,२५७.९७ | ० | २,०२,३७,२५७.९७ | ९२,३०,९५७.१२ | ० | ९२,३०,९५७.१२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,०२,७७,०१,८९७.११ | ८०,५६,८२,२५४.७२ | | ८०,५६,८२,२५४.७२ | ५८,२३,७६,३०६.४९ | | ५८,२३,७६,३०६.४९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,००,९१,९९,१९१.६१ | ७८,६२,२४,८२८.७२ | | ७८,६२,२४,८२८.७२ | ५५,८०,९४,५१५.४९ | | ५५,८०,९४,५१५.४९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,५१,९९,०००.०० | ७,८५,७२,६३८.३९ | ० | ७,८५,७२,६३८.३९ | ६,३३,७४,७१८.४७ | ० | ६,३३,७४,७१८.४७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,६७,०७,९५८.०० | १३,२८,४८,५९८.३८ | ० | १३,२८,४८,५९८.३८ | ९,१९,२८,४५०.९० | ० | ९,१९,२८,४५०.९० |
| २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | २,००,०००.०० | १,७७,८२०.०० | ० | १,७७,८२०.०० | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | १०,५५,०००.०० | १०,२०,६५०.०० | ० | १०,२०,६५०.०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | १९,९५,३९,०००.०० | १९,२१,४७,६२५.११ | ० | १९,२१,४७,६२५.११ | १७,४२,४४,७९२.४७ | ० | १७,४२,४४,७९२.४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ३,३१,८६,०००.०० | १,९२,०१,०४२.५० | ० | १,९२,०१,०४२.५० | २,०७,१३,५६७.०० | ० | २,०७,१३,५६७.०० |
| २८००० अन्य खर्च | १८ | ७०,२८,१९१.०० | ३७,०८,२४२.०० | ० | ३७,०८,२४२.०० | ३१,५७,२८९.७२ | ० | ३१,५७,२८९.७२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४९,२२,८४,०४२.६१ | ३५,४५,४८,२१२.३४ | ० | ३५,४५,४८,२१२.३४ | २०,३१,७५,६९६.९३ | ० | २०,३१,७५,६९६.९३ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ४०,००,०००.०० | ४०,००,०००.०० | ० | ४०,००,०००.०० | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| घ. अन्य भूक्तानी | | १,८५,०२,७०५.५० | १,९४,५७,४२६.०० | | १,९४,५७,४२६.०० | ५८,२३,७६,३०६.४९ | | ५८,२३,७६,३०६.४९ |
| कोषहरु | | १,८५,०२,७०५.५० | १,००,६०,८४८.०० | ० | १,००,६०,८४८.०० | १,९३,८०,५१३.०० | ० | १,९३,८०,५१३.०० |
| धरौटी | | ० | ९३,९६,५७८.०० | ० | ९३,९६,५७८.०० | ४९,०१,२७८.०० | ० | ४९,०१,२७८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१७,५४,०३,९६१.६१) | ३,६५,८०,१३१.७५ | | ३,६५,८०,१३१.७५ | २३,३९,९८,४२७.४२ | | २३,३९,९८,४२७.४२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १९,३२,७५,९३२.२३ | | १९,३२,७५,९३२.२३ | ७,७४,३२,६८१.८२ | | ७,७४,३२,६८१.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१७,५४,०३,९६१.६१) | २२,९८,५६,०६३.९८ | | २२,९८,५६,०६३.९८ | ३१,१४,३१,१०९.२४ | | ३१,१४,३१,१०९.२४ |
| बैंक तथा नगद बाकी | २४ | | २२,९८,५६,०६३.९८ | | २२,९८,५६,०६३.९८ | २३,३२,६०,८२०.७३ | | २३,३२,६०,८२०.७३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| ४.१ | | | **ठेक्का अभिलेख** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राखुपर्ने देखिन्छ । | |
| ४.२ | | | **खरिद कारबाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ (१) मा नगरपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राखु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राखु पर्ने कागजातको सूची उल्लेख छ । नगरपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ । | |
| ५ | | | **वित्तीय विवरण परीक्षण** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ ।<br>• नगरपालिकाले कार्यसंचालन कोष अन्तर्गतका प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता, कर्मचारी कल्याण कोष, बिभाज्य कोषको शुरु मौज्दात शुत्रले कोषगत खातामा नदेखाउने र वित्तीय प्रतिवेदन फा.नं. २७२ को शुरु मौज्दातमासमेत समाबेश नहुँने हुँदा अल्या मौज्दात यकिन हुन सकेन ।<br>• प्राप्त वितीय विवरणको अनुसूची २४ मा देखाएको बैक तथा नगद बाकी रु.२२,९८,५६,०६३.९८मध्ये खाताहरुको कुल बैंक अनुसार वांकी मौज्दात रु ३१,४३,५०,०३०.८८ संचित कोष र खर्च खातामा रु ८४४९३९६६.९ बैक कारोवारमा फरक देखिएको छ । यस सम्बन्धमा पुष्टयाई प्राप्त नभएकोले हिसाब यकिन हुनु प्र्दछ ।<br>• वितीय विवरणको अनुसूची १४ राजस्व बाँडफाँडको विवरणमा बाँडफाँड हुन बाँकी राजस्व रु ६,०७,४२,७०१.०० देखिएकोमा प्रदेश तथा स्थानीय तहमा बाँडफाड गरी हिसाब मिलान हुनुपर्दछ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । गत वर्षको वित्तीय विवरणमा रु २७१५०८३०६।२४ मौज्दात देखाएकोमा यस वर्षको वित्तीय प्रतिवेदन अनुसार यस वर्षको शुरु मौज्दात रु १९३२७५९३२।२३ रहेको छ । गत वर्षकोभन्दा रु ७८२३२३७४।०१ कम जिम्मेवारी सारेको छ । कम जिम्मेवारी सारेको रकम यकिन हुनुपर्दछ रु | ७८,२३२,३७४ |
| ५.३ | | | पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकामा प्राप्त अन्तर सरकारी अख्तियारी अन्तर्गत एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु १८९३९८४८, पर्यटन पूर्वाधार | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विकास आयोजना रु ६२०९७२० र सामाजिक सुरक्षा कार्यक्रमको रु.२६९७१३९५९ /-समेत कुल रु.२९४८६३५२७/- सुत्रको वित्तीय प्रतिवेदनमा समावेश भएको पाइएन ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>फिर्ता गर्नुपर्ने<br><br>संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार मिति २०७९।४।२५ मा प्रदेश सरकारलाई रु ९६७५८४३।४५ र संघीय सरकारको रु ५२२७५३३७।९२ गरी रु ६१९५११८१।३७ फिर्ता गरेको छ । आर्थिक बर्ष समाप्त भए पछि नै फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>चौमासिक खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली २०७७ को नियम २८ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम प्रगति त्रैमासिक विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">बजेट उपशीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च(रु. हजारमा)</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पुंजीगत खर्च</td><td>३५४५४८</td><td>२८९३९</td><td>९८८९२</td><td>२२६७१५</td><td>१२२२९०</td></tr>
<tr><td>प्रतिशत</td><td>१००.००</td><td>८.१६</td><td>२७.८९</td><td>६३.९४</td><td>३४.४९</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पुंजीगत खर्च रु. ३५ करोड ४५ लाख ४८ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ८९ लाख ३९ हजार अर्थात ८.१६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड ८८ लाख ९२ हजार अर्थात २७.८९ प्रतिशत र तेश्रो चौमासिकमा रु. २२ करोड ६७ लाख १५ अर्थात ६३.९४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनमा मात्र रु १२ करोड २२ लाख ९० हजार अर्थात ३४.४९ खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ८.१ | | | कानुन निर्माण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म १२ ऐन, ३ नियमावली, १८समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| ८.२ | | | न्यायिक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १२ वटा मुद्दा फर्स्योट हुन बाँकी देखिएको छ । समयमै फछ्र्यौट गर्नुपर्दछ । | |
| ९ | | | **योजना विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागितामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजनाछनोट गरी प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७८।७९ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्यून बजेट भएका र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।
<table>
<tr><td>रु १ लाखसम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाख देखि ५ लाखसम्म</td><td>रु ५ लाख देखि १० लाखसम्म</td><td>रु १० लाख बढीका</td><td>जम्मा</td></tr>
<tr><td>८३</td><td>९५</td><td>९८</td><td>३८</td><td>५५</td><td>३६९</td></tr>
</table>
उल्लिखित विवरण अनुसार नगरपालिकाले यस बर्ष रु १ लाखभन्दामुनीका ८३ वटा योजना र १० लाखभन्दा माथिका २८६ वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्चालन गर्दा कार्यालयका जनशक्ति बर्षैभरी योजना व्यवस्थापन खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमासमेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सम्पत्ति उपयोग र संरक्षण</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद १० मा सम्पत्तिको जिम्मा, लगत र संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयको आ व ०७८।०७९ को जिन्सी व्यवस्थापन परीक्षणमा निम्न व्यहोरा देखिएको छ :<br>१) मलेनिकाले गरेको परिपत्र अनुसार आ व ०७७।७८ देखि सबै सार्वजनिक सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रबिष्ठी गर्नु पर्दछ । पालिकाले २०७८ श्रावणबाट यो प्रणाली कार्यान्वयनमा ल्यएको देखियो । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएपछिको मौज्दातमा रहेको सम्पत्तिको मूल्य रु ७ करोड ४ लाख ४७ हजार रहेता पनि २०७८ श्रावण अगाडिको मौज्दातको यथार्थ मूल्यांकन गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा समावेस नगरेकोले सम्पत्तिको यथार्थ अभिलेख तथा लेखाङ्कन हुन सकेको देखिएन ।<br>२) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ ले सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन तथा संरक्षणको लागि मर्मत,लिलाम,मिन्हा तथा नष्टसमेत गर्न सक्ने व्यवस्था गरेता पनि यस नगरपालिकाले स्थापना पश्चात लिलाम,मिन्हा तथा नस्ट गर्ने तर्फ कुनै कारवाही गरेको छैन । मर्मत हुन नसक्ने भनी जिन्सी निरीक्षण फारममा औंल्याएका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | डेस्कटप कम्प्यूटर, फ्याक्स, फर्निचर लगायतका ४ प्रकारका १२ वटा सामानरुको समयमै आवश्यक कारबाही नहुँदा सोवाट प्राप्त हुने आयमा दैनिक ह्रास हुदै गएकोले समयमै आवश्यक कारबाही हुनु पर्दछ ।<br>४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (४) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको तीन महिना भित्र कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्ने व्यवस्था गरेता पनि ०७८/७९ को निरिक्षण प्रतिवेदनमा उल्लेख भएका ४ प्रकारका २० वटा समानको मर्मत सभार गरेको पाईएन । यसरी मर्मत गर्न सिफारिस भएता पनि सोको कारबाही नगर्ने र नयाँ खरिदमा कमी नआउनुले कार्यालयलाई थप व्ययभार परिरहेकोले त्यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।<br>५)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा लिलाम बिक्री गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिना भित्र कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्ने व्यवस्था गरेता यस पालिकाको स्थापना पश्चात लिलाम सम्बन्धी काम कारबाही नगर्दा विभिन्न लिलाम गर्ने अवस्थामा रहेका समानवाट प्राप्त हुने राजश्वमा दिन प्रतिदिन ह्रास आईरहेकोले त्यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| १०.३ | | | भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्र भित्रका हकमा नगरपालिकाले सुपरिवेक्षण गर्न सक्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र उपदफा (२) मा त्यसरी सुपरिवेक्षण गर्दा नगरपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माणाधीन भवनको निर्माणको सुपरिवेक्षण गर्ने गरेको देखिएन । | |
| १०.४ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०० मा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको श्रेस्ता सम्बन्धमा व्यवस्था रहेको छ । कार्यालयले जिन्सी सफ्टवेयरको प्रयोग गरी प्राप्त मालसामानहरु दाखिला गर्ने व्यवस्था मिलाएकोमा वडा कार्यालय तथा विषयगत कार्यालयहरुमा आम्दानी जनाएको मालसामानहरु सफ्टवेयरमा प्रविष्टि गरेको छैन । कार्यालयबाट भुक्तानी भएका केही मालसामान कार्यालयले सञ्चालनमा ल्याएको जिन्सी व्यवस्थापन प्रणालीमा प्रविष्टी नगरी म्यानुअल जिन्सी दाखिला प्रतिवेदन पेश गरेको छ । कम्प्यूटरकृत जिन्सी व्यवस्थापन प्रणालीमा दाखिला नभएकोले उक्त सामानहरु कार्यालयको एकीकृत अभिलेखमा समावेश नहुने हुँदा कम्प्यूटरकृत प्रणालीमा प्रविष्टी भएको प्रमाण पेश हुन पर्दछ । | |
| १०.५ | | | स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखी अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन । | |
| १०.६ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिंदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता तथा सार्वजनिक खरिदसँग सम्बन्धित कागजात र अन्य सरकारी कागजात, बेरुजु लगत तथा विद्युतीय प्रणाली सञ्चालनसँग सम्बन्धित पासवर्ड वा सोर्सकोड, लाइसेन्स र अन्य सङ्केत जस्ता सरकारी सम्पत्ति वा स्रेस्ता हालवालालाई वा हालवाला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नु पर्ने उल्लेख छ र नियम १०४ मा अनुसूची-१८ बमोजिमको ढाँचामा बरबुझारथको प्रमाणपत्र नभई हालको कार्यालयमा हाजिर हुन नदीने व्यवस्था छ । यस नगरपालिकामा सरुवा भई गएका तथा करार अवधि सकिएका कर्मचारीहरुले उपर्युक्त ढाँचामा बरबुझारथ गरेको देखिएन । अतः सम्बन्धितलाई जिम्मेवार बनाई नियमानुसार बरबुझारथ गर्न लगाई व्यवस्थित अभिलेख राख्नुपर्दछ । | |
| १०.७ | | | नेपाल सरकार अर्थ मन्त्रालय को निर्णय र परिपत्र अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सवारी साधन खरिदमा रु २२४६९०।२७ खर्च १ थान स्कुटर खरिद गरेकोमा खरिद गर्नु अघि स्रोत नखुलाइ खर्च गरेको पाइयो। कानुनमा भएको व्यवस्थाको पालना गरेर मात्र खरिद गर्नु पर्दछ । | |
| ११ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(रु हजारमा) | |

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|
| आर्थिक विकास | ६,५८,८८ | ४,४२,५० | ६७.१६ |
| सामाजिक क्षेत्र | ३७,१६,८९ | ३१,६५,८५ | ८५.१७ |
| पूर्वाधार विकास | ३८,१७,१७ | २८,०६,०६ | ७३.५१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,८२,२४ | १,७६,१८ | ६२.४२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १६,१६,७९ | १२,७१,६३ | ७८.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| १,००,९१,९९ \| ७८,६२,२४ \| ७७.९<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक क्षेत्र मा र घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रहेको छ ।<br>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.५४२०९४१५.८७, राजस्व बाँडफाँड रु.१८,०८,१३,९१९.०० र अनुदानबाट रु.५१,३६,१५,८१८.६३ र बैंक मौज्दात रु १७,५४,०३,९६१.६१समेत रु १,००,९१,९९,१९१.६१ आम्दानी भएकोमा चालु तर्फ रु.४२,७६,७६,६१६.३८, पुंजीगत तर्फ रु.३५,४५,४८,२१२.३४/- र वित्तीय रु ४०,००,०००.००समेत रु. ७८,६२,२४,८२८.७२ खर्च भएको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १०९९७०००.३ खर्च भएको छ । यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जीकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।<br>विवरण \| जम्मा<br>स्वीकृत घरनक्सा दर्ता पास \| विवरण प्राप्त नभएको<br>पञ्जीकरणतर्फ \| | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जन्मदर्ता</td><td>१८१४</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>६०४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१२११</td></tr>
<tr><td>बसाइँ सराइ</td><td>८२६</td></tr>
<tr><td>अन्य (सम्बन्ध वीच्छेद)</td><td>७६</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>१२.२ की.मी.</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१२.२ की.मी.</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>विवरण प्राप्त नभएको</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जीकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• आर्थिक सहायता र औषधि उपचारको रकम वितरण गर्दा सो सम्बन्धी कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन<br>• वडाहरु र नगरपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( वीउ विजन खरिद ,पाडा सुगुर, गाइ खरिद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पूर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।<br>• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैंक वीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मूल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदीई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडीएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 बमोजिम कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित गरेको देखिएन ।<br>• पालिकाले विभिन्न विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br><br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवाप्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।" | |
| १३.२ | | | बेरुजु लगतःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन । नियमको व्यवस्थाको पालना गरी लगत अद्यावधिक गर्नुपर्दछ ।<br><br>म. ले. प. फाराम ८०१ — बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रीय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख खाता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | | | पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियो -<br>• सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन ।<br>• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो बैंकल्पिक व्यवस्था भएको देखिएन । | • |
| १४ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १४.१ | | | विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।महालेखा नियनन्त्रकको कार्यालयले जारी गरेको खर्च संकेतको वर्गीकरण व्याख्या अनुसार विविध खर्चबाट स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च र यस्ता कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च मात्र यस खर्च शीर्षकबाट लेखाङ्कन गर्न मिल्दछ । यस नगरपालिकाले यो वर्ष खाना, खाजा लगायतका कार्यमा मात्र रु. २४,८२,०५८.९९।– र ११ वडा कार्यालयले विविध खर्च तर्फ रु १८३५१८१ गरी कुल विविध खर्च रु ४३१७२३९.९९।-खर्च गरेको छ । उक्त खर्च के कुन कार्यक्रम सँग सम्बन्धित हो खुलाउने गरेको छैन ।खर्चको विलसाथ उक्त खर्च के कुन कार्यक्रमसँग सम्बन्धित हो पुष्टी हुने उपस्थिति लगायतका प्रमाण संलग्न गर्नुपर्दछ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | आर्थिक सहायताःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले आर्थिक सहायता सम्बनधी कानुन तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई कार्यपालिकाको निर्णय गरी औषधि उपचार, क्षतिपूर्ति, लगायतका आर्थिक सहायता बापत रु.४३,७६,७८२.०० वितरण गरेको देखियो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १५ | | | **बजेट तथा कार्यक्रम** | |
| १५.१ | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य नगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्रीमती कमला आचार्यले मिति २०७८।३।१० मा ९२ करोड १६ लाख ५७ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७८।४।७ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । वजेट खर्च गर्ने अख्तियारी प्रदान भएकोमा चौमाशिक रुपमा भएको खर्चको आवृत्ति (Trend) एकनासको र अनुमानयोग्य देखिएन । चौमाशिक खर्चको भार अन्तिम चौमाशिक र आषाढ महिनामा बढी देखिन्छ भने अन्य खर्चको ट्रेण्डसमेत महिनागत रुपमा समान र अनुमान योग्य देखिएन । ऐनको भावना अनुसार पूजिगत खर्च व्यवस्थापन हुनेगरी सुधार गर्नु पर्दछ । | |
| १५.२ | | | बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदीई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | रकमान्तरः आर्थिक वर्ष ०७८।७९ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.६,६८,१७,९५५.६१ रकम बराबरको ९४ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु.९,१२,१७,९५५.६१ रकम बराबरको १९२ योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वियन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई नगरसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनोट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनोट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनोट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १५.४ | | | **अबण्डा बजेटः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीयको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटेप्रतिफल प्राप्त गर्न सकिने जन्तको जीवस्तर आम्दानी र रोजगारसमेत बढने खालका माध्यम दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी सोही आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी श्रोत अनुगमन तथा सिमा निर्धारण आधारमा अवण्डा नराखी आयव्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले देहाय अनुसार बजेट अवण्डामा राखेको छ । योजना तथा कार्यक्रम स्पष्ट नगरी अवण्डामा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रिया नियन्त्रण गरिनु पर्दछ।<br><table><tr><td>खर्च शीर्षक</td><td>बजेट रु</td><td>खर्च</td></tr><tr><td>नगरस्तरीय समपूरक कोष थप.</td><td>३५,००,०००.००</td><td>११,६८,९७५.००</td></tr><tr><td>नगरस्तरीय समपूरक कोष</td><td>१,००,००,०००.००</td><td>२९,५९,४७८.२०</td></tr></table> | |
| १५.५ | | | नीति कार्यक्रमःआ व २०७८।०७९ को लागि १० औ नगरसभावाट पारितमा भएको नीति तथा कार्यक्रममध्ये श्रम तथा रोजगार बैकको स्थापना गरिने, उत्कृष्ट युवा उद्यमी छनोट गरीसम्मान गरिने, सार्वजनिक निर्माणको गुणस्तर मेसिन Rebound Hammer Test बाट जाँच गरी गुणस्तार सुनिश्चित गरिने, उपभोक्ता समितिबाट सञ्चालन गरिने योजनामा १५ प्रतिशत लागत साझेदारी गरिने, नगर सडक गुरुयोजना बनाउने टाडटिड नदी किनारमा औद्योगिक ग्राम स्थापना गरिने जस्ता नीतिहरु लिएता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पनि कार्यान्वयन पक्ष कमजोर देखिएकोले कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमको घोषणा र कार्यान्वयनमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने दखियो । | |
| १५.६ | | | दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरणः दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजनामासमेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाले आवधिक योजना तयार गरेको देखिएन। वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुत्रे कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले 'पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यम कालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ । | |
| १६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १६.१ | | | प्रशासकीय सँगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतासमेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित १०९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृतसहित ८२ जना पदपूर्ति भएको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १६.२ | | | तलब प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिंदा पारित ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प. शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आव २०७८।७९ मा नगरपालिका चालु तर्फ रु३२५४०३८४.१७ र स्वास्थ्यकर्मीहरुलाई रु २,२१,०७,५६२.४२/- तलब खर्च गर्दा तलबी प्रतिवेदन पारित नगरी खर्च गरेको छ । | |
| १६.३ | | | कर्मचारी करार — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सँगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ । नगरपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु ३,१६,४३,०३०.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा ९१ जना नियुक्ति गरी वर्ष रु. १८४६१३२२ खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु | ३१,६४३,०३० |
| १६.४ | | | कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोष संचालन गर्ने कार्यविधि बेगर पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ३० लाख ट्रान्सफर गरेको छ भने रु ४९,३९,१७२ मौज्दात बाँकी देखिन्छ । कार्यविधि बनाएर यसलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| १७ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| १७.१ | | | आन्तरिक आयः यस वर्ष नगरपालिकाले प्रक्षेपण गरेको राजस्व अनुमानभन्दा कम संकलन भएको देखियो । अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । SUTRA बाट प्राप्त विवरण अनुसार शीर्षकगत रुपमा प्राप्त | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक राजस्व र प्राप्त प्रतिशत देहाय अनुसार छ । राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन । | |
| १७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ २(क) मा नगरपालिका आफूले उठाएको राजश्व तथा आय रकम आफ्नो संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न वडाहरु तथा केन्द्रमा राजस्व आम्दानी गर्न सफ्टवेयरको प्रयोग गरेको पाईयो । राजश्व शाखाबाट प्राप्त सफ्टवेयरको शीर्षकगत राजश्व आम्दानी विवरण र सुत्रअनुसार देखाईएको राजश्व आम्दनी विवरण भिडान गर्दा देहायनुसारको फरक पाईयो । | |

| राजस्व संकेत | शीर्षक | २०७९ आषाढ मसान्तसम्मको राजश्व आम्दानी | |
|---|---|---|---|
| | | SUTRA अनुसार | राजश्व शाखाको विवरण अनुसार |
| ११३१४ | भुमिकर/मालपोत | ९३,४४,४७६.९६ | ९३,४०,६३६.९६ |
| ११३२१ | घरबहाल कर | ३०,८४,५७०.८० | २९,२४,००३.७९ |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २०,३५,१००.०० | २०,०९,६००.०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १७,३७,५०७.०० | ४९,६५० |
| १४२४२ | नक्सापास दस्तुर | ७२,३१,२३२.१५ | ७१,३३,६७९.६५ |
| १४२४३ | सिफारिश दस्तुर | १,६७,७२,८८०.६३ | १,६८,६७,६१३.१३ |
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | ६,९५,७००.०० | ६,९५,७००.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ७,५८,०८७.५० | ७,६०,५८७.५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२४९</td><td>अन्य दस्तुर</td><td>६,२१,७२९.८३</td><td>६,१३,५७९.८३</td></tr>
<tr><td>१४३१२</td><td>प्रशासनिक दण्ड, जरिवाना र जफत</td><td>६,७४,९००.००</td><td>६,०२,७००.००</td></tr>
<tr><td>१४५२९</td><td>अन्य राजश्व</td><td>४०,८४,०१०.१३</td><td>९००</td></tr>
<tr><td>१४६११</td><td>व्यवसाय कर</td><td>२५,८१,१६७.००</td><td>२५,५९,७६७.००</td></tr>
</table>
नेपाल सरकारबाट राजश्व आम्दानीको लागि स्वीकृत गरिएका राजश्व वर्गीकरणको शीर्षक अनुसार आम्दानी गरी सोहि आधारमा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा उपरोक्तानुसारको अवस्थाले राजश्वको शीर्षगत आम्दानी यथार्थ रहेको मान्ने आधार रहेन ।स्वीकृत राजश्व शीर्षक अनुसार आम्दानी गरी सोही आधारमा आर्थिक विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु उचित तरिकाले राखी सो अनुसारको असुल उपर र बाँकीको अवस्था लिई तोकिएको समयभित्रै राजस्व असुल भएको यकिन गर्नुपर्ने गरी तोकिएको छ । पालिकाले विभिन्न आय ठेक्काका व्यवसायीसँग सम्झौता मार्फत कार्य गर्ने गरेकोमा कोभिडको कारण संचालन नभएको अवस्था देखाई विभिन्न हाट बजारसमेतका कवुलकर्ताहरुले तोकिएको अवधि भित्र सबै रकम बुझाए नबुझाएको अद्यावधि अभिलेख राखी असुली गर्नुपर्नेमा अभिलेखलाई व्यवस्थित रुपले राखेको र असुली भैसकेको भन्ने आधार देखिएन ।</td><td></td></tr>
<tr><td>१७.४</td><td></td><td></td><td>• सवारी साधन कर- प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दफा ३ (२) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) नगरपालिकाले कर लगाई असुल गर्न सक्ने व्यवस्था छ । नगरपालिका क्षेत्र भित्र सञ्चालित अटो रिक्सा सम्बन्धी कार्यविधि बनाएको छैन तथा राजस्वसमेत उठाएको छैन । नगरपालिकामा सञ्चालनमा रहेका अटोरिक्साको विवरण यकिन गरी दर्ता नभएका सावरी साधन दर्ता गर्ने र दर्ता भएकाको दर्ता नवीकरण गरी राजश्व असुली गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सम्पत्ति करः नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २ मा नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाउने र असुल गर्ने उल्लेख छ । अनुसूची १ मा घर तथा जग्गाको मूल्यांकन गर्दा व्यापारिक क्षेत्र, कृषि क्षेत्र, व्यापारिक क्षेत्र तथा आवासीय क्षेत्रमा वर्गीकरण गरेको छ । यस वर्ष सम्पत्ति कर रु. ११०६०६२/- असुली भएको देखिन्छ । सम्पत्ति कर संलकन गर्दा ती क्षेत्रहरु यकिन गरी वर्गीकरण अनुसार नै भएको छ भनी यकिन गर्न सक्ने आधार पाइएन ।<br>• नक्सापास दस्तुरः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत दिनुपर्ने व्यवस्था छ । यस वर्ष नक्सापास दस्तुर रु. ७१३३६७९।६५ असुली भएको देखिन्छ । नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो । निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहन गरी राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ ।<br>• घर बहाल करः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा दिएकोमा भाडा कर लगाउन पाउने व्यवस्था छ । नगरपालिकाले आव २०७८।७९ मा रु २९२४००४ घर बहाल कर असुल गरेको छ । नगरपालिकाले घरबहाल कर असुल गर्दा कर लिन मिल्ने सबै क्षेत्रको पहिचान गर्न सकेको छैन । घर जग्गा उपयोगको अवस्था अध्ययन गरी घर बहाल करको हिस्सा बढाउने तर्फ नगरको ध्यान जान आवश्यक देखिन्छ । अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुबाट प्राप्त भएको घरबहाल रकम मात्र घर धनीहरुले तिर्ने गरेको अवस्था छ । राजश्व सफ्टवेयरले वहाल आय यकिन हुने करदाताको विवरण राखेको छैन । करदाताको ठूलो संख्या घरवहाल करको दायरामा नआएकोले यस सम्बन्धमा नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ ।<br>• व्यवसाय कर — नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता र नवीकरणमा नगरपालिकको आर्थिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ऐनले निर्धारण गरे बमोजिम वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्ने व्यवस्था छ । यस वर्ष व्यवसाय कर रु. २५६६६६७ असुली भएको देखिन्छ । राजश्व शाखाबाट प्राप्त व्यवसाय कर असुली सम्बन्धमा दर्ता हुन बाँकी र गत वर्षसम्म दर्ता भएका व्यवसायीहरुको विवरण अध्यावधिक गरेको छैन । गत विगत वर्षमा व्यवसाय दर्ता गरेका व्यवसायीहरुले कुन/कुन आर्थिक वर्षको लागि नवीकरण गर्न बाँकी हो सो खुल्ने विवरणसमेत तयार नगरेका कारण नगरपालिकाले प्राप्त गर्न बाँकी रकम यकिन गर्न सकिएको छैन । अभिलेख अद्यावधिक गरी असुल हुन बाँकी रकमको लगत तयार गर्नुपर्दछ । राजस्वको सफ्टवेयर मा नवीकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुटछुटै अभिलेख देखिने गरी राजस्वको सफ्टवेयरमा राख्नुपर्ने देखिन्छ । | |
| १७.५ | | | • **संस्थागत विद्यालयले व्यवसाय कर नतिरेकोः** नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची ४ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार १४ वटा संस्थागत विद्यालय दर्ता भई संचालनमा रहेकोमा बार्षिक रु १०७५०० व्यवसाय कर प्राप्त हुने देखिन्छ ।<br><br>विवरण / विद्यालय संख्या / दर / रकम:<br>५००भन्दा कम विद्यार्थी संख्या / १३ / ७५०० / ९७५००<br>५०१ देखि १०००सम्म विद्यार्थी / १ / १०००० / १००००<br><br>अधिकांश संस्थागत विद्यालयले व्यवसाय कर नतिरी संचालनमा रहेको देखिएकोले करको दायरामा नआएको विद्यालयलाई करको दायरामा ल्याई कानुनमा भएको व्यवस्था बमोजिम कर असुल गर्नुपर्दछ । | |

| विवरण | विद्यालय संख्या | दर | रकम |
|---|---|---|---|
| ५००भन्दा कम विद्यार्थी संख्या | १३ | ७५०० | ९७५०० |
| ५०१ देखि १०००सम्म विद्यार्थी | १ | १०००० | १०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- व्यवसाय कर नतिरेकोः नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची ४ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । नगरपालिका अन्तर्गतका देहायका बैंक तथा वित्तीय संस्थाहरुले व्यवसाय दर्ता नवीकरण शुल्क तिरेको छैन । वेभ सर्च गर्दा अन्य कतिपय बैंक तथा वित्तीय संस्थाहरु नगरपालिकाको दायरामा नआएको देखिन्छ । व्यवसाय करको दायरामा ल्याई राजश्व असुल गर्नुपर्छ ।

</td><td></td></tr>
<tr><td>१७.६</td><td></td><td></td><td>

सटर भाडाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । शनिश्चरे सामुदायिक भवन वडा नं ८ को सटर भाडावापत देहायबमोजिम राजश्व असुल हुन बाँकी देखिएकोले असुल गरी राजश्व दाखिला गर्नुपर्दछ रु

<table>
<tr><th>क्रस</th><th>भाडावालको नाम</th><th>सटर नं</th><th>रकम</th></tr>
<tr><td></td><td>सन्तोष श्रेष्ठ</td><td>१ र २</td><td>१३४०८३.६७</td></tr>
<tr><td></td><td>केशव कुमारी मगर (अर्जुन बस्नेत )</td><td>३</td><td>५०००</td></tr>
<tr><td></td><td>जयनारायण गुप्ता(रविन ढकाल)</td><td>६</td><td>२६२५०</td></tr>
<tr><td></td><td>सपन दे</td><td>८</td><td>२६६६७.६७</td></tr>
<tr><td></td><td>गणेश भट्टराई।सरला ढकाल</td><td>१२</td><td>२६२५०</td></tr>
<tr><td></td><td>मनमाया घिमिरे</td><td>१३</td><td>१८७५०</td></tr>
<tr><td colspan="3">नयाँ भवनको</td><td></td></tr>
</table>

</td><td>५२८,२५१.३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>रामकिशान पुर्वे</td><td>४</td><td>३४३७५</td></tr>
<tr><td></td><td>जानुका सुवेदी</td><td>७</td><td>४८१२५</td></tr>
<tr><td></td><td>अम्विका मैनाली</td><td>१४</td><td>५०६२५</td></tr>
<tr><td></td><td>रिता राय</td><td>१५</td><td>२००००</td></tr>
<tr><td></td><td>सिता खनाल</td><td>१६</td><td>३५०००</td></tr>
<tr><td></td><td>बेद बहादुर ढकाल</td><td>१८</td><td>१००००</td></tr>
<tr><td></td><td>अन्जना दे</td><td>२२</td><td>६७५००</td></tr>
<tr><td></td><td>मनेश्वर शाह</td><td>२३</td><td>५६२५</td></tr>
<tr><td></td><td>निर्मला मोक्तान</td><td>२८</td><td>२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>राजश्व बाँडफाँडबाट प्राप्त रकमको उपयोग<br><br>राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाडबाट प्राप्त हुने रकमको उपयोग गर्दा मुलत सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी वाकी रकम बिकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गनुपर्ने उल्लेख गरेकोमा नगरपालिकाले प्राप्त अनुदान रकम मुलत सामाजिक सेवा, बिकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत बृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरिनुपर्छ । | |
| १९ | | | **पेश्की बाँकी**<br><br>सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहति के के बापत पेश्की गएको हो सोसमेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । सुत्रमा अभिलेख भएको फछ्यौंट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.२११) तथा खर्चको फाँटवारी (म.ले.प.फा.नं.२१०) अनुसार वर्षान्तमा फछ्यौंट नभएकाले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिन्छ । | १०,५४६,२३९ |

| पेश्की पाउनेको नाम | पेश्कीको प्रयोजन | पेश्की रकम |
|---|---|---|
| सौजन कटुवाल | सभा सञ्चालन खर्च | ६,४०,०००.०० |
| घिमिरे टोल गांजाबारी झोलेङ्गे पुल उपभोक्ता समिति | घिमिरेटोल गाँजावारी, , सहकाले ट्रस,कालिझोडा सेतीखोला ट्रस वडा नं १०, दुधे खोला ट्रस वडा नं २ , गोसखान झो.पु अर्जुनधारा नगरपालिका, झापा | १३,४४,३७८.०० |
| सहकाले ट्रस बृज निर्माण उ.स. | घिमिरेटोल गाँजावारी, , सहकाले ट्रस,कालिझोडा सेतीखोला ट्रस वडा नं १०, दुधे खोला ट्रस वडा नं २ , गोसखान झो.पु अर्जुनधारा नगरपालिका, झापा | १,९७,८६१.०० |
| भगवति निर्माण सेवा | नगरस्तरीय समपूरक कोष | ३५,००,०००.०० |
| अर्जुनधारा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | पगला खोलामा कल्भर्ट निर्माण ५० प्रतिशत सहभागिता- वडा नं ३ | २,२८,०००.०० |
| विभुती मार्ग सडक निर्माण आयोजना | श्री इम्मानुएल पाथिभरा जे.भि. | ४,३३,०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>हलुवागढ पर्यापयटन प्रर्वद्धन परियोजना, अर्जुनधारा नगरपालिका, झापा</td><td>भगवती निर्माण सेवा</td><td>३४,५०,०००.००</td></tr>
<tr><td>नगर सभाहल निर्माण आयोजना</td><td>के.सी. कन्ट्रक्सन</td><td>७,५३,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आयोजना फरफारक<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) मा प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकारको सम्बन्धमा उल्लेख छ । उक्त दफाको उपदफा २(ङ)मा व्यवस्था भए अनुसार प्रमुख प्रशासकीय अधिकृतले आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको देखिएन । सोको पालना हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>शिक्षा</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>अनुगमन मूल्यांकनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुऱ्याउन जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ११(ज) मा पालिकाले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा नियमन तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा अवस्थित निजी विद्यालय व्यवस्थापन गरी सोको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन । निजी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयको शुल्क निर्धारण गर्न पालिका मापदण्ड तयार गरेको पाइएन । तसर्थ पालिकाले निजी विद्यालयलाई व्यवस्थापन गर्न शुल्क तथा मापदण्ड निर्धारण गरी सो को नियमित अनुगमन तथा प्रतिवेदन पेश गर्नु पर्दछ । | |
| २१.३ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| २१.४ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको लागि पालिकाले मापदण्ड बनाएको पाइएन । पालिकाको शिक्षा शाखा द्वारा सामुदायिक विद्यालयहरुको आंशिक रुपमा अनुगमन गरेको भएकोता पनि सो को प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २२ | | | **कोभिड व्यवस्थापन** | |
| २२.१ | | | **प्रकोप व्यावस्थापन कोषः** प्रकोप व्यावस्थापन कोषतर्फ यस वर्ष स्थानीयतह आफैले बजेट विनियोजन रू. ८३,४५,६४३ /- गरेको छ । उक्तमध्ये रू. ५५,२४,४५६ खर्च भई रू. २८,२१,१८७ /- बाँकि रहेको देखिन्छ। उक्त खर्चमध्ये विपद सामग्री खरिदमा रु२३२७४०० राहात वितरण रु५७५००० , जनशक्ति परिचालनतर्फ रु ५५७८०० , औषधि एवं स्वास्थ्य उपकरण खरिद तर्फ रू. ४९२०३९ आइसोलेशन संचालन रु८६७७३७ विविध सामग्री खरिदमा रू. ७०४४८० खर्च भएको देखिन्छ। | |
| २२.२ | | | जोखिम आंकलन र पूर्व तयारी- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, पूर्व आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी गठन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन । | |
| २२.३ | | | कोरोना संक्रमणको अवधिमा पालिका अन्तर्गत रहेका निजी अस्पताल तथा सेवा केन्द्रहरुले उपलब्ध गराएको यस सम्बन्धी सेवाको विश्लेषण र समन्वयको आधार खुलेको अभिलेख विवरण पेश नभएकोले कोभिड नियन्त्रण र व्यवस्थापनमा अन्तर सरकारी तथा निजि क्षेत्रहरुको सहयोगात्मक अवस्था, सूचना आदानप्रदान र समन्वयको बारेमा उल्लेख गर्न सकिएन । | |
| २२.४ | ४३० | २०७९-३-१५ | अन्य शीर्षकबाट कोभिड खर्चः पुँजीगत तर्फ आधारभूत स्वास्थ्य केन्द्र सामग्री खरिद तथा खोप सञ्चालन शीर्षकबाट रु १००००० जानुका देवी बस्नेतलाई भुक्तानी भएकोमा कोभिड खोप कार्यक्रमका लागि मसलन्द तथा फर्निचर सामग्रीहरु खरिद भएको छ । | |
| २२.५ | | | कोभिड प्रभावित राहत कार्यक्रम - कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने र सो सूचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमासमेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रीतपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सूचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटी वा वेवसाइटमासमेत राख्नुपर्ने उल्लेख छ । पालिकाले उक्त राहत रकम विभिन्न गो भौ न बाट ११४ घरधुरीलाई प्रति परिवार १० हजारको दरले रु. ११ लाख ४० हजार वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न रहे नरहेको बारेमा निर्णय प्रक्रियामा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पुराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.६</td><td></td><td></td><td>खोप विवरणः यस पालिकाले लेखापरीक्षण अवधिसम्म कोभिड-१९ विरुद्धको खोप देहाय बमोजिम खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण गरेको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>खोपको प्रकार</th><th>प्राप्त भएको डोज</th><th>प्रयोग भएको डोज</th><th>फिर्ता</th></tr>
<tr><td></td><td>कोभिशिल्ड र एस्ट्राजेनेका</td><td>४८२७०</td><td>३९६९३</td><td>८५७७</td></tr>
<tr><td></td><td>भेरोसेल</td><td>३३३२०</td><td>३३३२०</td><td>-</td></tr>
<tr><td></td><td>जोन्सन एण्ड जोन्सन</td><td>३०२०</td><td>३०२०</td><td>-</td></tr>
<tr><td></td><td>मोडर्ना</td><td>१६०००</td><td>१६०००</td><td>-</td></tr>
<tr><td></td><td>फाइजर</td><td>१३०१०</td><td>११०६०</td><td>१९५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>धरौटी तर्फ</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>धरौटी विवरणः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानुनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखीएको हो सो काम सम्बन्धी कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको संघीय धरौटी खातामा मौज्दात रहेको रु.२२८३५८२१ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | धरौटीको नामनामेसी अद्यावधिक नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ (घ१) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेकोमा रु २७,७०,०८१.०० नाम नामेशी नखुलेको बिगत वर्षदेखिको (शनि अर्जुन नपा देखि नै शीर्षकमा) धरौटी बाँकी देखिएकोमा सदरस्याहा गर्नुपर्ने देखिएको रु | २,७७०,०८१ |
| २३.३ | | | महालेखा नियन्त्रक कार्यालयको च. नं. १ मिति २०७६।४।१ को परिपत्रमा महालेखापरीक्षक कार्यालयबाट स्वीकृत नया म.ले.प.फारमको प्रयोग गरी लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले सोही बमोजिम धरौटी अन्तर्गतका स्विकृत म.ले.प.फारम नंः ६०४, ६०५, ६०६ र ६०८ को प्रयोग गरेको पाइएन । | |
| २४ | | | **उठ्न बाँकी**<br><br>जेसिबिको लगत किताब अनुसार देहायबमोजिम राजश्व संकलन हुन बाँकी देखिएकोले सो असुल हुनुपर्ने रु<br><br>उपभोक्ता समितिको नाम — रकम<br>राजन पराजुली कालोपत्रे निर्माण उस — ७९०००<br>विमल सुब्बा पुरानो सब्जी बजार वरीपरी ड्रेनसहितको कालोपत्रे निर्माण उस — १९६०० | ९८,६०० |
| २५ | | | **ईन्धन खर्चः**<br><br>नगरपालिकाको सवारीसाधन कार्यालय प्रयोजन शीर्षकबाट इन्धनमा रु ५४२१४१२।- खर्च भएको देखिन्छ । कुन सवारी साधनमा वर्षभरीमा के कति ईन्धन कून कार्यालय प्रयोजनमा खपत भएको हो खर्चको आधार प्रष्ट नभएको। नगरपालिकाको कार्यक्षेत्रमा मात्र उक्त इन्धन खपत हुने स्थिति नदेखिएकोले इन्धन सुविधा सम्बन्धमा मापदण्ड बनाइ खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **मसलन्द तथा कार्यालय सामग्री खर्चः**<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु. ४८७७१८५/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| २७ | | | **सभा सञ्चालन खर्चः**<br><br>नगरपालिकाले यस वर्ष सभा सञ्चालनमा रु.१९,२१,५२८।— खर्च गरेको देखिन्छ।यसरी नगरपालिकाले सभा सञ्चालन गर्दा खर्चमा मितव्ययिता कायम नगरेको देखिन्छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| २८ | | | **अनुगमन तथा मूल्याङ्कन र भ्रमण भत्ता खर्चः**<br><br>भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजातसहित भ्रमणको उपलब्धीसमेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयको भ्रमण अभिलेख व्यवस्थित नभएको देखिन्छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वशनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस कार्यालयले यो वर्ष अनुगमन तथा मूल्याङ्कनमा १४,७६,०९५ र भ्रमण खर्च शीर्षकमा ६,६४,४२५ गरी जम्मा रु. २१४०५२० खर्च लेखेको देखियो । भ्रमण कागजात | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परीक्षण गर्दा भ्रमाणको उदेश्य कार्यालयको कामकाज उल्लेख भएको देखिन्छ ।कार्यालयलाई पत्र प्राप्त भएको तथा कार्यालयले पत्राचार गर्ने तथा कार्यालयको औचित्यपूर्ण काममा भ्रमण खर्च हुनुपर्दछ। | |
| २९ | | | **मर्मत खर्च**<br><br>मेशिनरी, सवारी साधन मर्मत र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शीर्षकमा र मेशिनरी तथा औजार मर्मत सम्भार/सञ्चालन खर्चमा जम्मा रु २३४७८१३ खर्च लेखेको देखिन्छ । अधिकाशं खर्च गाडी र मोटरसाइकलमा मर्मतमा खर्च गरेको देखिन्छ । महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा मर्मत सम्बन्धी अभिलेख नराखेकोले कुन कुन सवारीसाधन/मोटरसाइकल/प्रिन्टर/इन्भटर लगायत कार्यालयको जिन्सी मर्मत गरिएको हो सो यकिन गर्न सकिएन । गाडी र मोटसाइकल सङख्याको आधारमा मर्मत खर्च अधिक देखिएको छ । मर्मत अभिलेख अनिवार्य रुपमा राखी मर्मत खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ३० | | | **विद्युत महशुलः**<br><br>प्रदेश न १ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं २१ मा बिजुली, पानी, टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसार बिद्युत महशुल भुक्तानी गर्दा जरिवाना रु२१२७९।९ भुक्तानी गरेको छ।निर्देशिका को व्यवस्था विपरीतको भुक्तानी अनियमित देखिएको रु<br><br>भौचर नं \| महिना \| जरिवाना<br>६१६ \| माघ \| ५४१३.६१<br> \| फाल्गुन \| ९६७.८० | २१,२७९.९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७१७ \| विभिन्न महिनाको \| ३१२२<br>९२६ \| वैशाख र ज्येष्ठ \| ११७७६.४९<br>जम्मा \| २१२७९.९ | |
| ३१ | | | **काम, कर्तव्य र अधिकार**<br><br>संविधानको अनुसूची—८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ । | |
| ३२ | | | **राजश्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनिय ३ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। नगरपालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ । पालिकाबाट सबै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने र दैनिक प्राप्त भएको आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>वन पैदावार<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । नगरपालिकामा ७ वटा सामुदायिक वन उपभोक्ता समिति रहेकोमा यो वर्ष १ वटाले रु ७७६५२२।१३ दाखिला गरेको छ भने अन्य सामुदायिक वनले कुनै रकम दाखिला गरेका छैनन् । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>राजश्व बाँडफाँड<br><br>प्रदेश नं. १ को आर्थिक ऐन २०७८ को अनुसूची ५ बमोजिम असुल गरेको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको पाइएकोले निम्नानुसारको रकम प्रदेश सरकारलाई बाँडफाँड गरी पठाउनुपर्ने रु<br><table><tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr><tr><td>विज्ञापन कर</td><td>१२३४५१</td><td>४०</td><td>०</td><td>४९३८०.४</td></tr><tr><td>दहत्तर बहत्तर शुल्क</td><td>६,०६,१९,२५०</td><td>४०</td><td>०</td><td>२४२४७७००</td></tr></table></td><td>२४,२९७,०८०.४</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कार्य योजना तयारी<br><br>आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्कासमेत वीचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का र असुली</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यतालिकासमेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्दछ। पालिकाले आन्तरिक आय सम्बन्धी कार्ययोजना तयार गरेको देखिएन। जसकारण पालिकाको अपेक्षित आय उठन नसकेको देखिन्छ। तसर्थ, पालिकाले कार्य योजना तयारीमा ध्यान दिनुपर्दछ। | |
| ३६ | | | **बिरिङ टाङ्गटिङ्ग सुखानी र ठूलोनेते खोलाको ठेक्का** | |
| ३६.१ | | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकाले आय ठेक्का कबुल गर्ने कबुलकर्ताबाट तोकिएको अवधिमा सम्झौता बमोजिमको रकम असुल गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषदले ढुंगा गिटी बालुवा उत्खनन् बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ स्वीकृत गरी लागू गरेको छ । उक्त मापदण्डमा ठेक्काबाट नदीजन्य पदार्थको उत्खनन् र बिक्री गर्दा स्वीकृत IEE को आधारमा तोकिएको परिमाण र नाकाबाट कार्यालयबाट खटिएको प्राविधिकले लाइन लेभल दिई तोकिए बमोजिम संकलन गरी बिक्री गर्न सक्ने व्यवस्था छ । कार्यालयबाट प्रकाशित सूचना बमोजिम बिरिङ टाङ्गटिङ्ग सुखानी र ठूलोनेते खोलाको ठेक्का मिति २०७८।६।१५ मा कर्मा निर्माण सेवासँग रु ७९४००००० (मुअकर बाहेक) सम्झौता भएकोमा ४० प्रतिशत रकम रु.३१७६०००० मुअकर बाहेक मिति २०७८।६।१५ मा राजश्व दाखिला भएको र निर्माण सेवाबाट राजश्व संकलन हुन बाँकी रु.४,१०,००,००० रहेको देखिएको रकम हालसम्म दाखिला नभएकोले सो दाखिला हुनुपर्ने रु **.४,१०,००,०००**<br><br>**अनुगमन प्रतिवेदनः** ढुंगा, गिटि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ मा अनुगमन सम्बन्धी व्यवस्था रहेको छ । उक्त दफामा नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री सम्बन्धी प्रकृयाको अनुगमन गर्ने दफा ९(७) मा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुंगा, गीटि, वालुवाको उत्खनन् कार्य मापदण्ड र वातावरीणय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नुपर्ने र कार्यदलले अनुसूची-५ बमोजिम चेक लिष्ट बनाई नियमित अनुगमन गर्नुपर्नेमा पालिकाले निर्माण व्यवसायीलाई उत्खनन् गर्ने क्षेत्रमा लाइन लेभल तोकी इजाजत दिनु अगावै अस्थायी संकलन इजाजत दिने, संकलन तोकिएमा सबै नाफाहरुको लाइन लेभल र उत्खनन् परिमाणको नियमित अवधिखुलाई अभिलेख नराख्ने, बढी लेभलमा उत्खनन् गरेकोमा सचेत गराई रोक्का नगर्ने, | ४१,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मेशिनबाट गरिएको उत्खनन् अवधि र परिमाणको अभिलेख नलिएको, सम्झौता बमोजिम रसिद छपाई गरी प्रमाणित नगराएको (रेकर्ड नरहेको) घाटगट्टी स्थान खुलाई विवरण नलिएको, कुल उत्खनन् परिमाणको १५/१५ दिनमा जानकारी लिई अभिलेख नगरेकोसमेतको अवस्था देखिएको छ ।<br>**रसिद नियन्त्रणः** खोलाजन्य पदार्थ उत्खनन् र बिक्री तथा सडक पूर्वाधार उपभोक्ता शुल्क असुल गर्न छनोट भएका निर्माण व्यवसायीहरुको सम्झौताको शर्तमा आय संकलन गर्दा करदातालाई दिई रसिद नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने, नगरपालिका प्रमाणित गरेको बाहेकमा रसिद प्रयोग गर्न नपाइने र अनाधिकृत रसिद प्रयोग गरिएमा कारवाही गरिने शर्त रहको भएतापनि ठेकेदारले रसिद नं. हेली संख्या दररेट उल्लेखित गरेको रसिद पेश गरी नगरपालिकाबाट प्रमाणित गरेको अभिलेख विवरण लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । सम्झौताको सबै शर्त पालना गराएर मात्र रकम संकलन गर्नपर्दछ । | |
| ३६.२ | | | आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धिकर ऐन २०५२ दफा १५(३) अनुसार असूल गरी दाखिला गर्नुपर्नेमा मुअकर रकम रु ६१९३२०० दाखिला समायोजन पेश हुनुपर्ने रु | ६,१९३,२०० |
| ३७ | | | **ढिला दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । जिम्मामा रहेको सरकारी नगदी रकम दश दिनसम्म ढिला गरेमा दाखिला बाँकी रकम र सोको दश प्रतिशतसम्म जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार कारवाहीसमेतको व्यवस्था छ । कार्यालयले विभिन्न वडा तथा केन्द्रमा संकलन गरेको राजस्व रकम सोही दिन बैंक दाखिला गर्ने नगरेको र दश दिनभन्दा बढी ढिला दाखिला गरेकोमा ऐनको व्यवस्था बमोजिम थप जरिवाना गरी दाखिला गर्न नलगाएको अवस्था राजस्व असुली र दाखिलाको विवरणबाट देखिएको छ। छनोट गरी परीक्षण गर्दा देखिएको अवस्थाः<br>केन्द्र \| असुल मिति \| बैंक दाखिला मिति \| रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नगरपालिका</td><td>२०७८ फागुन</td><td>२०७९।२।३०</td><td>१००००</td></tr>
<tr><td>वडा नं ५</td><td>२०७८ पुष देखि २०७९ असार</td><td>२०७९ असार महिना</td><td>३४९५२९७</td></tr>
<tr><td>वडा नं ७</td><td>२०७८ फागुन</td><td>२०७९।१।६</td><td>५००००</td></tr>
<tr><td>वडा नं ७</td><td>२०७९ बैशाख</td><td>२०७९।२।१२</td><td>२३८२५</td></tr>
<tr><td>वडा नं ७</td><td>२०७९ बैशाख</td><td>२०७९।२।२६</td><td>२०४८२</td></tr>
<tr><td>वडा नं ७</td><td>२०७८ पुष</td><td>२०७९।११।०१</td><td>५०९४०</td></tr>
<tr><td>वडा नं ७</td><td>२०७८ पुष</td><td>२०७९।११।०१</td><td>११००००</td></tr>
<tr><td>नगरपालिका</td><td>२०७८ चैत्र</td><td>२०७९।१।१४</td><td>१४०००</td></tr>
<tr><td>नगरपालिका</td><td>२०७९ बैशाख</td><td>२०७९।२।२६</td><td>१०९४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
आन्तरिक आयको अभिलेख<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (५) ले राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, बित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्-<br><br>
• मासिक राजस्वको फाँटवारी तयार नगरेको ।<br>
• राजस्वको बैंक हिसाब मिलान विवरण मलेप 109 तयार नगरेको ।<br>
• राजस्व समयमा दाखिला नगरेको ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको ।
- वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको ।
- रसिद नम्वर र बैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ नगरी बैंकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिले जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि यकिन गर्न सक्ने अवस्था रहेन ।

</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**कर संकलन प्रणाली**

कर संकलन प्रणाली : कार्यालयले राजश्व संकलनका लागि शहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण गरी उपलब्ध गराएको कर संकलन प्रणाली सफ्टवेयर संचालनमा ल्याएको छ । जसको सपोर्ट सफ्टेक इन्फोसिस प्रा.लि., काठमाडौंले उपलब्ध गराइरहेको पाइयो । उक्त कर संकलन प्रणालीबाट सिर्जित आ.व.२०७८/७९ को प्रतिवेदन परीक्षण गर्दा यस वर्ष १७७८७ जना करादाताले कर तिरेको पाइएन ।

<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>जम्मा दर्ता भएका करदाताहरु</td><td>३३८२९</td></tr>
<tr><td>जम्मा घर भएका करदाताहरु</td><td>७४४८</td></tr>
<tr><td>जम्मा जग्गा मात्र भएका करदाताहरु</td><td>३१४४७</td></tr>
<tr><td>जम्मा व्यवसाय भएका करदाताहरु</td><td>२६९४</td></tr>
<tr><td>यस आ.व. को जम्मा कर तिर्ने बाँकी करदाताहरु</td><td>१७७८७</td></tr>
</table>

राजस्व सफ्टवेयरः कार्यालयले राजस्व सम्बन्धमा सफ्टवेयर प्रयोग गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वक्यौता रहेका करदाताले गत विगतको नबुझाइ यस वर्षको मात्र तिर्न मिल्ने व्यवस्था रहेकोले यसमा सुधार गर्नुपर्ने<br>• सफ्टवेयरमा डाटा फेर्न मिल्ने देखिएकोमा के के तथ्याङक परिवर्तन गर्यो सोको अभिलेख नदेखिएको<br>• सफ्टवेयरबाट निस्कने तथ्याङ्कलाई दैनिक रुपमा व्याकअप गर्नुपर्नेमा सो नगरेको साथै आईटी सुरक्षाको व्यवस्था नगरेको<br>• रद्द गरेको राजस्वको भौचर संख्या कति कुन कुन हो र कुल कति भौचर रद्द गर्यो सोको अभिलेख नदेखिएको<br>• करदाताको संख्या देखिने तर बक्यौता रकम नदेखिने<br>• राजश्व लेखा प्रणाली सफ्टवेयरले सबै वडा कार्यालयहरुबाट पठाइएको आम्दानी रिपोर्ट प्रतिबाट राजस्व तथा आम्दानीको लेखा राख्ने गर्दछ । तर कर तथा राजस्व कति कहिले असुल गर्नुपर्ने तथा अन्य राजस्व नियन्त्रणका लागि यो सफ्टवेयरले सहयोग गरेको देखिएन । यो सफ्टवेयर सुत्रसँग आबद्ध नभएकोले राजस्वसँग सम्बन्धित सूचनाहरु पुनः सुत्रमा प्रविष्ट गर्नुपर्ने देखिन्छ । जसबाट कार्य दोहोरिने हुँदा समग्रमा उचित रुपमा हिसाब राख्न कठिन देखिन्छ ।<br><br>राजस्वको सफ्टवेयर प्रयोगको लागि आवश्यक म्यानुअल नभएको कारण कुन कुन विवरण कहाँबाट देखिन्छ भन्ने यकिन गर्न सकिएन । | |
| ४० | | | **सहकारी संस्थाले व्यवसाय कर नतिरेकोः**<br><br>सहकारी संस्थाले व्यवसाय कर नतिरेकोः नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची ४ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिने उल्लेख छ । निम्न सहकारी संस्थाले व्यवसाय कर नबुझाएको देखियो । कुल चुक्ता पुँजीको जानकारी प्राप्त नभएकोले असुल गर्नुपर्ने व्यवसाय कर जरिवानासहित राजश्व खातामा जम्मा गरी व्यवसाय करको दायरामा ल्याउनुपर्दछ ।<br><br>संस्थाको नाम \| संस्थाको नाम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>शिक्षा बहुउद्येश्यिय सहकारी सस्था लिमिटेड</td></tr>
<tr><td>अभियान नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड</td><td>स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>राम जानकी वचत तथा ऋण सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>आर्युवेद जडिबुटी कृषी सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>साना किसान कृषि सहकारी संस्था लिमिटेड</td><td>चादनी तथा ऋण सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>श्रद्धा कृषि सहकारी संस्था लिमिटेड</td><td>साना किसान कृषि सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>विशुद्ध तरकारी तथा वीउविजन उत्पादन सहकारी संस्था</td><td>शनिश्चरे सुपारि सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>पूर्वाध कृषि सहकारी संस्था</td><td>साधुटार कृषि सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>साझा सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>कालीका वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड</td><td>त्रिनेत्र वहुउद्देश्यीय सहकारी सस्था लिमिटेड</td></tr>
<tr><td>सिस्ने कृषि सहकारी संस्था लिमिटेड</td><td>त्रिगाउ जडिबुटी उत्पादन तथा प्रसोधन संस्था लिमिटेड</td></tr>
<tr><td>वागेडागी त्रिदेवी वहुउद्देश्यीय सहकारी सस्था लिमिटेड</td><td>जलेश्वर वहुउद्देश्यीय सहकारी सस्था लिमिटेड</td></tr>
<tr><td>चादनी वहुउद्देश्यीय सहकारी सस्था लिमिटेड</td><td>सुखानी कृषि सहकारी संस्था लिमिटेड</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पाण्डव बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td><td>खुदुनावारी कृषि सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>शितल कृषि सहकारी सस्था लिमिटेड</td><td>स्वाधिन बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>गतिशिल कृषि सहकारी सस्था</td><td>जनजीविका वहुउद्देश्यीय सहकारी सस्था लिमिटेड</td></tr>
<tr><td>कटरडाडा कृषि सहकारी सस्था लिमिटेड</td><td>कुम्मिटार बचत तथा ऋण सहकारी संस्था लिमिटेड</td></tr>
<tr><td>मिलनसार बचत तथा ऋण सहकारी सस्था</td><td>साहारा नेपाल वचत तथा ऋण सहकारी संस्था</td></tr>
<tr><td>मेचिनगर बचत तथा ऋण सहकारी सस्था</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
नाइट भत्ता<br><br>
संघीय सरकारबाट अख्तियारीसहित प्राप्त कार्यक्रम सञ्चालन गर्दा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनमा तोकिएको शर्त बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट तपसिलको २ बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीलाई नाईट ड्युटीमा खटिएबापतको नाईट भत्ता रकम भुक्तानी गरेको पाईयो । उल्लेखित मार्गदर्शनमा यस कार्यक्रमबाट नाईट भत्ताबापत रकम भुक्तानी हुने कुनै व्यवस्था रहेको नदेखिएकोले मार्गदर्शनमा भएको व्यवस्था विपरीत भुक्तानी दिएको अनियमित रु...
<table>
<tr><td>भौ.नं. र मिति</td><td>व्यहोरा</td><td>रकम</td></tr>
<tr><td>१०८-२०७९।२।१९</td><td>खुदुनावारी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी र का.स लाई नाईट भत्ता</td><td>१४०२५</td></tr>
<tr><td>४५-२०७८।१०।२५</td><td>प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा कार्यरत स्वास्थ्य कर्मचारी र १ का.स.लाई नाईट भत्ता</td><td>३४१००</td></tr>
</table>
</td><td>१०८,२१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| १४८-२०७९।३।१२ | प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा कार्यरत स्वास्थ्य कर्मचारी र १ का.स.लाई नाईट भत्ता | ३३५५० |
| १६१-२०७९।३।१२ | खुदुनावारी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी र का.स लाई नाईट भत्ता | २६५४१.२५ |
| | जम्मा | १०८२१६ |

</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पकेट कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल (PIM), २०७७ को ४.१.४ मा क्षेत्रफलको मापदण्ड तोकिएको, ४.१.९.१ मा कार्यक्रमको लक्षित समुदाय, वर्ग नियमानुसार दर्ता भएको हुनुपर्ने, ४.१.१२ मा पकेट संचालन समन्वय समिति गठन हुनपर्ने र ४.१.१३ मा सार्वजनिक सुनुवाई र प्रगति प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । यस वर्ष कृषि पकेट कार्यक्रम अन्तर्गत देहायका समूहलाई भुक्तानी भएकोमा देहायका व्यहोराहरु देखियो ।

| कृषक संस्थाको नाम | पकेट क्षेत्र | भुक्तानी रकम |
|---|---|---|
| अर्जुनधारा बाखापालन समूह | बाखा पकेट | ५५०००० |
| ज्योति कृषक समुह | मकै पकेट | १०७६९९६ |
| एकीकृत विन्ध्यवासिनी कृषि फर्म | माछा पकेट | ६००००० |
| ज्योति कृषक समूह | मकै पकेट | १०७६९९६ |
| अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | धान पकेट | १०७६१७० |

</td><td>•</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।<br>• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनोट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।<br>• उपरोक्त अनुदानमा कृषि सामग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको छ ।<br>• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।<br>• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलब्धिको प्रतिफल पेश नभएको, पशु विमा नगराएको देखियो ।<br>नगरपालिकाको सहभागितामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरे पश्चात नगरपालिकाले अनुदानबाट भए गरेका कामको मूल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन । साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसिसहितको अभिलेख अध्यावधिक गरी एउटै समूह संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनुपर्ने देखिन्छ । | |
| ४२.२ | १८१ | २०७९-३-१५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पकेट कार्यक्रमको मकै पकेट क्षेत्र कार्यक्रम अन्तर्गत ज्योति कृषक समूहसँग मिति २०७८।११।२५ मा कुल लागत अनुमान रु१७३५८०० कायम भई रु १०३२४२० मा कार्यालयले व्यहोर्ने गरी सम्झौता भएकोमा कार्यसम्पन्न पश्चात रु. १९२०३८९ को बिल भरपाई पेश गरी रु. १०७६९९६ भुक्तानी लिएको छ । बढी भुक्तानी भएको रकम कर कट्टी गरी रु. ४४५७६ सम्बन्धित समूहबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु | ४४,५७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२.३ | २१९ | २०७९-३-२४ | कार्यालयलाई संघ तथा प्रदेश सरकारबाट तोकिएका पकेट ब्लक जोन तथा सुपर जोनमा सञ्चालन हुने क्रियाकलापका लागि नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण म्यानुअल (PIM), २०७७ को परिच्छेद ७ मा तोकिएको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । कार्यालयले माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन शीर्षकबाट कृषक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरेको छ । कार्यालयका कर्मचारी देवी कुमारी लिम्बुले कृषक तालिम कार्यक्रम र धनुषा जिल्ला अवलोकन भ्रमणको रु ३०७८०० को विल भरपाई पेश गरी खर्च गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलमा कृषकमार्फत पकेट कार्यक्रम संचालन गर्नुपर्नेमा अवलोकन भ्रमणमा खर्च भएकोले म्यानुअल विपरीत गरिएको खर्च नियमसम्मत भएन रु | ३०७,८०० |
| ४३ | | | **लघु उद्यम**<br><br>पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम परामर्शदाता पिरामिड टेक्निकल ईन्स्टिच्युट प्रालि मार्फत सञ्चालन गरी रु. १२९५९९७खर्च गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।<br>१) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनोट गरी तालिम सञ्चालन गर्नुपर्दछ ।पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनोट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनोट गरेको पाइएन ।<br>२)विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधिभित्र परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागितालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **निशुल्क वितरण हुने औषधिको प्राप्ति, उपयोग र मौज्दातको अवस्था**<br><br>निशुल्क वितरण हुने औषधिको प्राप्ति, उपयोग र मौज्दातको अवस्थाः यस कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ।<br>औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा बिच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढीसमेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च वीच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।<br>भण्डारमा मौज्दात रहेका निम्न प्रकारका औषधिको परीक्षण गर्दा निम्नानुसार पाइयो ।<br><br>औषधिको नाम — निशुल्क वितरणको लोगो<br>Paracetamol 500 mg — छैन रु १०मूल्य अंकित<br>Calcium 500 mg — institution supply<br>Amoxicillin Dry Syrup — institution supply<br>Cetirizine hydrochloride — छैनरु ३५ मूल्य अंकित<br>Doxycycline 100 mg — छैनरु ७० मूल्य अंकित<br>Metformin 500 mg — छैनरु २० मूल्य अंकित | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>Cetrizine Hydrochoride</td><td>institution supply</td></tr><tr><td>Ranitidine Hydrochoride</td><td>institution supply</td></tr></table></td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>दरवन्दी<br><br>स्वास्थ्य चौकी तर्फ कुल २२ जनाको स्थायी दरबन्दी रहेकोमा ३० जना स्थायी स्वास्थ्यकर्मीहरु कार्यरत रहेका छन् । ८ जना स्वास्थ्यकर्मी फाजिलमा रहेका छन । त्यस्तै करार सेवामा १ जना स्वास्थ्यकर्मी छन् । कर्मचारी फाजिलमा कर्मचारी राखी स्वास्थ्य कार्यक्रम तर्फको शीर्षकबाट खर्च गरिदा कार्यालयलाई थप रु ७०३७३६८।२० व्ययभार पर्न गएको छ । दरबन्दी बमोजिम मात्र पदपूर्ति गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अभिलेख व्यवस्थापन<br><br>स्थानीय तहमा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७८।७९ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनोट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु. ५९,७३,४९९ खर्च भएकोमा ज्यालामा रु.४२,२८,८६७ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।<br><br>• नेपाल सरकारले बेरोजगार सुचिकृत श्रमिकहरुलाई कम्तिमा १०० दिन रोजगार दिने लक्ष्यसहित कार्यान्वयनमा ल्याएको प्रधानमनत्री रोजगर कार्यक्रममा यस बर्ष कुल सुचिकृत संख्या २८४ रहेकोमा जम्मा १२१ जनाले मात्र रोजगार पाएको छ । सरकारको लक्ष्य अनुसार १०० न्यूनतम कार्यदिन हुनुपर्नेमा १२१ जनालाई औसत ६१ दिन भएकोमा अन्यले रोजगार पाएका छैनन् अत पालिकाले कार्यक्रमको मूल लक्ष्य प्राप्तितर्फ ध्यान दिनुपर्दछ । | |
| ४८ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट विवरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**परम्परागत धार्मिक विद्यालय दर्ता**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका क्षेत्र भित्र देहायका धार्मिक विद्यालय सञ्चालनमा रहेको अनुदानसमेत प्रदान गरेको भएता पनि दर्ता सम्बन्धी अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन ।

<table>
<tr><td>विद्यालयकोनाम</td><td>ठेगाना</td><td>रकम</td></tr>
<tr><td>श्री सप्तऋषि गुरुकुल संस्कृत वेद विद्याआश्रम</td><td>अर्जुनधारा-९</td><td>१९९६००</td></tr>
<tr><td>श्रीअर्जुनधारा संस्कृत वेद विद्यापिठ</td><td>अर्जुनधारा-२</td><td>१९९६००</td></tr>
<tr><td>श्रीभगवतभक्ति आश्रम देवर्षि संस्कृत विद्यालय</td><td>अर्जुनधारा-६</td><td>१९९६००</td></tr>
<tr><td>श्रीकालिका संस्कृत विद्यापिठ</td><td>अर्जुनधारा-९</td><td>१९९६००</td></tr>
<tr><td>श्रीवेद वेदांग संस्कृत पाठशाला</td><td>अर्जुनधारा-१</td><td>१९९६००</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td>८५</td><td>२०७९-३-२४</td><td>प्राविधिक धार संचालन अनुदान<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम भुक्तानी गर्दा खर्च पुष्टि गर्ने बिल भर्पाई र प्रमाणका आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ। भानु माविलाई प्राविधिक धार संचालन अनुदान वापत रु १५०१२७ भुक्तानी भएकोमा कार्यसम्पन्न पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>१५०,१२७</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>असम्बन्धित शीर्षकबाट खर्च<br><br>संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट प्राप्त बजेटमध्ये तपसिलको भौचर नं र मितिबाट तोकिएको शीर्षक बाहेकमा रकम खर्च लेखेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिका विपरीत शीर्षक फरक गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु–
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेखेको कृयाकलाप</th><th>बापत</th><th>रकम</th></tr>
<tr><td>२२२।३।२४</td><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान</td><td>कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण</td><td>२४५८६०</td></tr>
</table></td><td>२४५,८६०</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>दरबन्दी र पदपूर्ति<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । नगरपालिका अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी उचित किसिमले मिलान गरी पठनपाठनको व्यवस्था मिलाउनु पर्दछ ।
<table>
<tr><th>विद्यालय संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्तिमध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>२८</td><td>२५९</td><td>२५७</td><td>३३</td><td>८३१७</td></tr></table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
गत वर्षको भुक्तानी<br><br>
संघीय सरकारबाट प्राप्त ससर्त अनुदान रकम सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी विद्यालयसँग सम्झौता गरी भुक्तानी गर्नुपर्दछ । यस नगरपालिकाले अघिल्लो आवमा प्राप्त सर्शत बजेटको रकम खर्च नगरी फ्रिज गरी सो योजनालाई यस आवमा दायित्व सारी चालु खर्च शीर्षकबाट देहायका विद्यालयलाई भुक्तानी गरेको छ । यसले गर्दा नगरपालिकालाई थप व्ययभार पर्न गएको छ । समयमै योजना सम्पन्न गरी ससर्त रकम निकासा गरी खर्च गर्न ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>बजेट शीर्षक</th><th>बजेट</th><th>भुक्तानी</th></tr>
<tr><td>राष्ट्रपति शैक्षिकसुधार कार्यक्रम अन्तर्गत शनिश्चरे माबिकाे गत आबकाे रकम सघिय सरकारबाटप्राप्त भए पछि शाेधभर्ना हुने गरी भूत्तानी</td><td>६५००००</td><td>६४६९९९</td></tr>
<tr><td>राष्ट्रपति शैक्षिकसुधार कार्यक्रम अन्तर्गत लक्ष्मी माबिकाे गत आबकाे रकम सघिय सरकारबाटप्राप्त भए पछि शाेधभर्ना हुने गरी भूत्तानी</td><td>१८०००००</td><td>१७९५०००</td></tr>
<tr><td>बिद्यालय भाैतिकपूर्वाधार बिकास चन्द्रोदय प्रा वि को गत आ वको रकम संघीय सरकार ससर्त अनुदानरकम दायित्व भुक्तानी</td><td>१५०००००</td><td>१४८५०००</td></tr>
<tr><td>बिद्यालय भाैतिकपूर्वाधार बिकास सिहवाहिनी प्रा वि को गत आ वको रकम संघीय सरकार ससर्त अनुदानरकम दायित्व भुक्तानी</td><td>७०००००</td><td>७०००००</td></tr>
<tr><td>राष्ट्रपति शैक्षिकसुधार कार्यक्रम अन्तर्गत सिहदेबी माबिकाे गत आबकाे रकम सघिय सरकारबाटप्राप्त भए पछि शाेधभर्ना हुने गरी भूत्तानी</td><td>१२६००००</td><td>१२६००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राष्ट्रपति शैक्षिकसुधार कार्यक्रम अन्तर्गत कालिस्थान माबिकाे गत आबकाे रकम सघिय सरकारबाटप्राप्त भए पछि शाेधभर्ना हुने गरी भूक्तानी</td><td>६५००००</td><td>६४३५००</td></tr>
<tr><td>राष्टपति शैक्षिकसुधार कार्यक्रम अन्तर्गत सिंहवाहिनि प्रा वि को गत आ वको रकम संघीय सरकारबाटप्राप्त भएपछि शोधभर्ना हुनेगरी भुक्तानी</td><td>१८०००००</td><td>१८०००००</td></tr>
<tr><td>बिद्यालय भाैतिकपूर्वाधार बिकास भानु मा वि को गत आ वको रकम संघीय सरकार ससर्त अनुदान रकमदायित्व भुक्तानी</td><td>२५२००००</td><td>२५२००००</td></tr>
<tr><td>जम्मा</td><td>१०८८००००</td><td>१०८५०४९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>
पाठ्यपुस्तक खरिद<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ क्रियाकलाप ३.१ प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत २८ वटा विद्यालयलाई पाठ्यपुस्तक अनुदान वापत रु४३२५१६३ निकासा भएकोमा निम्न व्यहोराहरु देखियो ।<br><br>
<ul>
<li>IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्नुपर्ने सत्यापन नगरी विद्यालयले पेश गरेको विद्यार्थी विवरणका आधारमा निकासा गरकोले प्रमाण पेश गर्नुपर्ने ।</li>
<li>विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनदुान दिने, पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनदुान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र</li>
</ul>
</td><td>४,३२५,१६३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनदुान दिने व्यवस्था गर्ने उल्लेख भएकोमा नगरपालिकाले २०७९ असार मसान्तमा एकमुस्ट अनुदान निकासा गरेको छ ।<br>• विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य नगरपालिकाले गरेको छैन ।<br>• पाठ्यपुस्तक खरिदको विल भरपाइ र विद्यार्थीले पाठ्यपुस्तक पाएको भरपाई पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि २०७६ को दफा १३ को ३ मा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । विद्यालय भवन निर्माण गर्न निकासा दिएको निम्नानुसारको रकमको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>अनुदान रकम</td><td>कार्य विवरण</td></tr>
<tr><td>चन्द्रोदय प्रावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>श्री प्रावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>श्री महारानीगन्ज मावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>अर्जुनधारा संस्कृत आदर्श क्रम मावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>अरुणोदय मावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
<tr><td>जनता मावि</td><td>१८०००००</td><td>२ कोठे भवन</td></tr>
</table></td><td>१४,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>वेद वेदाग संस्कृत पाठशाला</td><td>३६०००००</td><td>४ कोठे भवन</td></tr><tr><td>जम्मा</td><td>१४४०००००</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>५६</td><td>१९८</td><td>२०७९-३-२३</td><td>छात्रवृत्ती र दिवाखाजा<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकामाअनुदान निकासा गर्दा यथार्थ कक्षागत विद्यार्थी विवरण संख्या सँग सत्यापन गरिएको IEMIS तथ्याङ्क विवरण अनुसार निकासा गर्नुपर्ने उल्लेख छ । नगरपालिका अन्तर्गतका विद्यालयहरुलाई शिक्षण सिकाई तथा बुक कर्नर वापत रु. १८५३९००, गैर आवसिय छात्रवृति र आवसिय छात्रवृत्ति वापत रु. १०१५२०० र दिवा खाजा (माघ देखि असारसम्म) रु. ५०४२४१७ उपलब्ध गराएकोमा सोको बिल भरपाई विद्यार्थीले बुझेको कागजात पेश भएन ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सामुदायिक सिकाई केन्द्र अनुदान<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानीय तहले नियमित रुपमा चलेका सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको न्यूनतम तलब भत्ताको रकम उपलब्ध गराई बाँकी रकम प्रस्तावका आधारमा उपलब्ध गराउने गरी अधिकतम २ लाखसम्म अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले जलेश्वर सामुदायिक सिकाई केन्द्रलाई प्रस्ताव वेगर नै रु.१२५००० भुक्तानी गरेको देखिन्छ । अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्र तथा विद्यालयहरुको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा शिक्षकको हाजिरी पेश गर्नुपर्ने रु</td><td>१२५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | १९८ | २०७९-३-२३ | **प्राविधिक धार अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ क्रियाकलाप २.६ अनुसार शिक्षण सिकाइ सामग्री तथा (Lab assistant, equipments and Practical material) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ प्रति विद्यार्थी रु १५००० का दरले एकमुस्ट अनुदान दिने उल्लेख छ । नगरपालिकाले भानु माविलाई प्राविधिक धार संचालन वापत रु १६३४८०० भुक्तानी भएको छ । सोको कार्यान्वयन पुस्तिका बमोजिम कार्य सम्पन्न भएको कागजात पेश हुनुपर्ने रु | १,६३४,८०० |
| ५९ | | | **औषधि खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु १६,९०,२९६ को औषधि खरिद गरेकोमा यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नअनुसार छन ।<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशनसमेत भएको नदेखिएको,<br>• सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने, खरिद योजना बनाउनुपर्ने, सम्बन्धित शाखा महाशाखाबाट खरिद माग प्राप्त गर्नुपर्ने, खरिद गरिने सामग्रीको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप गरेको पाइएन ।<br>• औषधिको जिन्सी खाता प्रमाणित छैन ।<br>• कार्यालयले यस वर्ष निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद गरी विभिन्न स्वास्थ्य संस्थामा पठाएकोमा जिन्सी खातामा हस्तान्तरण फाराम नं. उल्लेख गरेको छैन । स्वास्थ्य संस्थाहरुमा औषधि पठाउँदा मागको आधारमा हस्तान्तरण फाराम मार्फत पठाउनुपर्ने र सम्बन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राख्नुपर्नेमा लेखापरीक्षणको क्रममा हस्तान्तरण फारम र सम्बन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश भएन । स्वास्थ्य संस्थालाई पठाएको औषधिको माग फारम, हस्तान्तरण फारम र सम्बन्धित संस्थाले जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण संलग्न नभएकोले निशुल्क औषधिको वितरण/सदुपयोगको अवस्था यकिन भएन ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६० | | | **चेनेज नखुलेको**<br><br>चेनेज नखुलेकोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । । पालिकाले यस वर्ष संचालन गरेका सडकहरुको लागत अनुमान तयार गर्दा र नापी गर्दा चेनेज उल्लेख नगरेकोले कुन स्थानमा कहाँ देखि कार्य सम्पादन गरेको हो खुलाएको छैन । जसले गर्दा काममा दोहोरोपना पर्न सक्ने देखिन्छ । केही उदाहरणहरुः | |

| भौ र मिति | कामको विवरण | उसको नाम | | परिणाम घमि | रकम |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४१।११।०३ | Transportation & laying RBM | पवित्रा देवि खनालक घर हुँदै वालुवाटार जाने बाटो ग्राभेल उस वडा ७ | ८७९.४५ | ५२७३३५.८९ |
| १५६।११।५ | RBM laying | जुकेखाडी बन छेउबाट मुक्ति भट्टराईको घरसम्म सडक ग्राभेलको काम | ७०० | ३५९७७२ |
| १६८।११।१० | RBM laying | शिवालय मन्दिर उत्तर मजदुरलाईन जाने वाटो | २७० | १६१८९७.४० |
| १७३।११।११ | RBM laying | दिपक लिम्बुको घरपूर्व सडक ग्राभेल | ३६८.५ | २२०९५९.९७ |
| २३४।१२।११ | Transportation & laying RBM | विहानी चौकबाट बुटनचोक हुँदै कालिस्थान जाने सडक ग्राभल | १०३९.५ | ६२३३०४.९९ |
| २४७।१२।२० | Transportation & laying RBM | मर्मत सम्भार विपद व्यवस्थापन उस वडा ४ | ७०८.७५ | ४२४९५२.३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **जटिल संरचना निर्माण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) भुक्तानी गर्दा रित पुगे नपुगेको बिल भर्पाई जाँच गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले ठेक्का विलमा प्रोभिजनल समको आइटम राखी सोको विल पेश नगराई तथा भ्याटसमेत थप गरी भुक्तानी दिएकोले सोको कागजात विल भरपाई पेश गर्नुपर्ने रु२४३४३ तथा भ्याट रकम असुल रु३१६४।५९ गर्नुपर्ने रु | २४,३४३ |

| भौ र मिति | फर्मको नाम | काम | PS ITEM | Vat समावेश |
|---|---|---|---|---|
| १५१।११।०३ | जेवि एण्ड सन्स कन्स्ट्रक्सन | वडा नं ९ १० र ११ कल्भर्ट निर्माण | २४३४३ | ३१६४.५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **उपभोक्ता समितिबाट भएका कार्य**<br><br>कार्यालयले उपभोक्ता समितिबाट गरेका कार्यहरुमा निम्न व्यहोराहरु देखियोः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुणस्तर परिक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।<br>आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।<br>निर्माण कार्यको लगत - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।<br>सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।<br>कार्यसम्पन्न प्रमाणपत्र - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन ।<br>खरिद सम्झौताको सूचना - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना सम्बन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।<br>उपभोक्ता समितिको श्रेस्ता अनुगमन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ ।<br>निर्माण सामाग्रीको विल भर्पाईः गाउँपालिका र विभिन्न निर्माण कार्यको उपभोक्ता समितिहरु विच भएको सम्झौतामा रु. 20 हजार भन्दा बढीको निर्माण सामाग्री खरिद गर्दा अनिवार्यरुपमा मुल्य अभिवृद्धी कर प्रयोजनको लागि दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने र 1.5% अग्रीम कर समेत कट्टा गरी भौचर सहितका विलभरपाई गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिहरुले सिमेन्ट र फलामे छड खरिद गर्दा प्रायजसो मु.अ.कर बिजक पेश गरेता पनि ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा मु.अ.कर बिजक पेश नगरी विभिन्न व्यक्तीले रकम बुझिलिएको भरपाई पेश गर्ने गरेको पाइयो । निर्माण कार्यमा प्रयोग हुने र मु.अ.कर लाग्ने निर्माण सामाग्रीहरु ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा नेपाल सरकारले सम्झौतामा उल्लेख भए अनुसार अनिवार्य रुपमा मु.अ.कर विजक पेश हुनुपर्दछ । मु.अ.कर विजक पेश नभएको अवस्थामा तथा व्यक्तीको भरपाईबाट लाखौ रकम खर्च गरेको अवस्थामा त्यस्ता व्यक्तीको आयबाट आयकर ऐन, २०५८ बमोजिम १५% अग्रीम करकट्टा गर्नु पर्दछ ।<br>त्रुटी सच्याउने कार्यः ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी काममा त्रुटी देखिए त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **जटिल निर्माण कार्य**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चरसहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौ र मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी |
|---|---|---|---|
| १३९।११।०२ | वडा कार्यालय भवन निर्माण उस वडा नं १ | भवन निर्माण | ५२६९ |
| १६४।११।१० | इन्द्र नारायण गिरि कल्भर्ट तथा सातपत्रे पल्ब निर्माण उस | कल्भर्ट निर्माण | ८९१००० |
| १७५।११।१६ | शिवशंकर रिजालको घर छेउ जरुवा होलीमा कल्भर्ट निर्माण उपभोक्ता समिति | कल्भर्ट निर्माण | १३८६००० |
| ४५५।३।२३ | वडा कार्यालय भवन निर्माण वडा ६ | भवन निर्माण | १५७८५४० |
| ४६३।३।२३ | वडा कार्यालय भवन निर्माण वडा ५ | भवन निर्माण | १५८४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **जडान प्रमाणित र नापी किताबमा उल्लेख नभएको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नअनुसारको सामान खरिद गर्दा कुन कुन स्थानकोलागि आवश्यक | १,३३९,२२२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको हो सोको निर्धारण नगरी, सामान प्रयोग गरी प्राविधिक मूल्यांकन नगरी खर्च गरेको छ। खरिद गरीएका ह्यूमपाईप जडान प्रमाणित नगरी खर्च गरेको देखिएकोले कुन कुन योजनामा प्रयोग भएको हो जडान प्रमाणीत हुनुपर्ने रु
<table>
<tr><th>भौ र मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाउने</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१५६।११।५</td><td>NP3 humepipe</td><td>जुकेखाडी बन छेउबाट मुक्ति भट्टराईको घरसम्म सडक ग्राभेल</td><td>२३</td><td>२०७९२०</td></tr>
<tr><td>४८५।३।२४</td><td>NP3 900mm 25<br>NP3 750mm 10<br>NP3 600mm 40<br>NP3 450mm 40<br>NP3 300mm 12</td><td>पानस सिमेन्ट कंकृट इन्डस्ट्रिज प्रालिबाट रु११३१३०२ को ह्युमपाइप खरिद</td><td>१०७</td><td>११३१३०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td>१७८</td><td>२०७८-११-१६</td><td>डन्डीको कार्य<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पुरानो सब्जी बजारमा ड्रेनसहितको कालोपत्रे निर्माण कार्यका लागि रु २८,८०,७२१ लागत अनुमान तयार गरी उपभोक्ता समितिको अंश रु ३,८०,७२१ र नगरपालिकाले रु २५,००,००० व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । पहिलो रनिङ विलमा रु १०१९७०० उपभोक्ता समितिलाई भुक्तानी भएकोमा नापी किताबमा रड 10mm र 8mm को २५०६.२ केजी मूल्यांकन भएकोमा विल परीक्षण गर्दा 16mm tmt rod १२९० केजी रु १,१९,९७० र 12mm tmt rod १४४० केजी रु १,३३,९२० र 10mm को २७२ केजीको रु २५२१७, 8mm ११२० केजीको रु १,०७,५२० को विल पेश भएकोले नापी किताबमा मूल्यांकन नभएको 16mm र 12mm को २७३० केजी रड प्रयोग नै नगरी बिल पेश गर्ने उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td>२५३,८९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**<br><br>उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु. ९७०१७७०।३८ लागत अनुमान भएको देहायको योजनामा जश्रमदानबाट रु. १४५५७७०।६८ बेहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु. १५७८५४० खर्च लेखेको छ । तसर्थ सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । यस प्रकारको खर्च अनियमित देखिएको रु. | १४,२६२,१०७.५८ |

| उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | मू अ कर | ओभरहेड | कन्टिन्जेन्सी | जनसहभागिता | कुल लागत |
|---|---|---|---|---|---|---|---|
| वडा नं ६ कार्यालय भवन | भवन निर्माण | ९७०१७७०।३८<br>यस वर्षको भुक्तानी रु१५७८५४० | १२६१२३०.१५ | १४५५२६५.५६ | ३८८०७०.८२ | १४५५७७०।६८ | १४२६२१०७.५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **पदाधिकारी यातायात खर्च**<br><br>गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) को क्र.सं. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्ष, वडाध्क्षय, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई क्रमश मासिक रु १००००/- ४०००/- २५००/- र २०००/- यातायात खर्च सम्बन्धी | २८८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्था गरेको छ । पदाधिकारीहरुलाई सवारी साधन सुविधा र मासिक यातायात खर्चसमेत भुक्तानी भएको देखिएकोले दोहोरो सुविधा उपलब्ध भएको हुँदा निम्नानुसारको रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>लिएको जम्मा सुविधा</th></tr>
<tr><td>१</td><td>वडा नं २ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td>२</td><td>वडा नं ४ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td>३</td><td>वडा नं ५ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td>४</td><td>वडा नं ८ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td>५</td><td>वडा नं ९ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td>६</td><td>वडा नं ११ को वडा अध्यक्ष</td><td>४८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (ख) मा नगरपालिका प्रमुखको रु. ११०००/-, उपप्रमुखको रु. ११०००/-, वडाध्यक्षको रु. ४५००/- र कार्यपालिका सदस्यको रु. २०००/- मासिक अनुगमन भत्ताको व्यवस्था छ । उक्त अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा नमूना छनोट गरी परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नभएतापनि अनुगमन वापत एक मुष्ट भत्ता बुझिलिएकोमा प्रतिवेदन पेश नभएको रु.</td><td>१,०५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>पद</td><td>संख्या</td><td>मासिक अनुगमन भत्ता दर</td><td>वार्षिक अनुगमन भत्ता</td></tr>
<tr><td>प्रमुख</td><td>१</td><td>११०००</td><td>१३२०००</td></tr>
<tr><td>उप-प्रमुख</td><td>१</td><td>११०००</td><td>१३२०००</td></tr>
<tr><td>वडाध्यक्ष</td><td>११</td><td>४५००</td><td>५९४०००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>८</td><td>२०००</td><td>१९२०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>नन फाइलर<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २२७९१३.४० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु<table>
<tr><td>फर्मको नाम</td><td>बीजक रकम</td><td>विल नं</td><td>स्थायी लेखा नं.</td><td>मूअकर रकम</td><td>कैफियत</td></tr>
<tr><td>श्रद्धा एडभरटाइजिङ एण्ड सप्लायर्स प्रालि</td><td>१९८१०९३.४५</td><td>३</td><td>६०९७२६९३६</td><td>२२७९१३.४०</td><td>2078.M.9 non filer</td></tr>
</table></td><td>२२७,९१३.४</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>महानन्द चोकको गेट स्वागत द्वार निर्माण<br><br>अर्जुनधारा प्रवेशद्वार निर्माण उपभोक्ता समितिसँग स्वागत द्वार निर्माण कार्यका लागि नगरपालिकाले मिति २०७८।१०।२४ मा रु २८१२९७१।३१ को लागत अनुमानमध्ये उपभोक्ता समितिको अंश रु ३१२९७१।३१ र नगरपालिकाको बजेट</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु २५००००० रहने गरी सम्झौता गरेको देखिन्छ । सो उपभोक्ता समितिलाई भौचर २५५।२०७८।१२।२९ बाट रु ७९२००० र भौ नं ५०७।२०७९।३।२५ मा रु ७९२००० गरी रु १५८४००० भुक्तानी भएको छ । मिति २०७९।३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा समयमै सम्पन्न नगरी योजना अधुरो भएको छ । योजना अधुरो रहँदा लाभग्राहीले उचित प्रतिफल नपाउने हुँदा निर्माण कार्य समयमै सम्पन्न गर्न ध्यान जानुपर्दछ । | |
| ७१ | | | **विस्तृत नापी किताब नभएको**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले योजनाको भुक्तानी दिएको विल तथा नापी परीक्षण गर्दा नियमानुसार कुन कुन स्थानमा के कति परिमाण राखीएको विस्तृत नापी राखेर भुक्तानी गर्नुपर्दछ । विस्तृत नापी वेगरको परिमाणले वास्तविक काम नखुल्ने र बढी भुक्तानी भएन भन्ने आधार प्रमाण नहुने हुँदा विस्तृत नापी पेश गरी खर्च पुष्टी गर्नुपर्ने रु. | १८,२५१,१००.४ |

| क्र. सं. | भौ र मिति | योजनाको नाम | कामको विवरण | जम्मा |
|---|---|---|---|---|
| १ | १९४।११।२६ | वडा नं ७ ८ ९ र १० को सडक कालोपत्रे | ५४५ मिटर कालोपत्रे | २०२७२६२.४ |
| २ | २५८।१२।३० | शनिश्चरे बजार शौन्दर्यीकरण | पेवर्स वीच्छ्याउने तथा मुर्ति र प्लम्ब लगाउने कार्य | २१५६२२० |
| ३ | २७७।१।११ | कालिस्थान धाइजन सडक कालोपत्रे निर्माण | ९४० मिटर कालोपत्रे | २७५५३१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>२७३।१।९</td><td>शंकराचार्य मार्ग कालोपत्रे निर्माण</td><td>११७६ मिटर कालोपत्रे</td><td>३९१०५००</td></tr>
<tr><td>५</td><td>४१८।३।१२</td><td>आइतबारे बजार कालोपत्रे सडक निर्माण</td><td>२८० मिटर कालोपत्रे</td><td>१७७६६०४</td></tr>
<tr><td>६</td><td>३६१।२।२५</td><td>नया वसपार्क ड्राइभिङ सेन्टर उत्तर पूर्व पश्चिम कालोपत्रे</td><td>२१३ मिटरकालोपत्रे</td><td>११८८०००</td></tr>
<tr><td>७</td><td>४७८।३।२४</td><td>सम्पूर्ण बाटोहरु कालोपत्रे निर्माण</td><td>१९३ मिटर कालोपत्रे</td><td>९९००००</td></tr>
<tr><td>८</td><td>४८४।३।२४</td><td>रेडक्रस देखि रामपथ चौकसम्म बाटो कालोपत्रे निर्माण</td><td>२६६ मिटर कालोपत्रे</td><td>११८००००</td></tr>
<tr><td>९</td><td>४९३।३।२४</td><td>शान्ति मार्ग थप कालोपत्रे निर्माण</td><td>३०० मिटर कालोपत्रे</td><td>६९३०००</td></tr>
<tr><td>१०</td><td>४९७।३।२४</td><td>दलबहादुर मार्ग कालोपत्रे निर्माण</td><td>३३० मिटर कालोपत्रे</td><td>१५७४२०४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
sill and lintel को दोहोरो भुक्तानी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) भुक्तानी गर्दा रित पुगे नपुगेको बिल भर्पाई जाँच गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले देहायबमोजिम sill र lintel मा बढी रकम भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु
<table>
<tr><td>योजनाको नाम</td><td>भुक्तानी पाउने</td><td>विवरण</td><td>दर</td><td>बढी रकम</td></tr>
<tr><td>वडा कार्यालय भवन वडा ६</td><td>वडा कार्यालय भवन निर्माण उस वडा ६</td><td>sill and lintel 8.7 cum</td><td>13758.44</td><td>119698.43</td></tr>
</table>
</td><td>१६०,७०९.०६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वडा कार्यालय भवन वडा ५ \| वडा कार्यालय भवन निर्माण उस वडा ५ \| sill and lintel 2.89 cum \| 14190.53 \| 41010.63 | |
| ७३ | | | **वडा नं २ झोलुङ्गे पुल**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । ७४।३।२३ घिमिरेटोल गाँजावारी सहाकाले झोलुङ्गे पुल निर्माण कार्यका लागि आवश्यक स्टिल पार्टस सप्लाईको लागि सेफ स्टिल्स प्रालिसँग रु८१६१६७०।२० को ठेक्का सम्झौता भई रु३५३८०९३ को सामग्री सप्लाई गरेवापत भुक्तानी भएकोमा सप्लाई गरेको स्टिल पार्टसको प्रयोग जडान प्रमाणित तथा साइट लेजर पेश गर्नुपर्ने रु | ३,५३८,०९३ |
| ७४ | | | **Construction of Sukhani Khola RCC motorable Bridge**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of Sukhani Khola RCC motorable Bridge को कार्य Elite construction ले गरेकोमा निम्नानुसार पाइयो । | |
| ७४.१ | | | लागत अनुमानभन्दा डण्डीको परिमाण घटेकोमा कारण खुलाएको छैन । | |
| ७४.२ | | | **निम्नानुसार कार्यको AS built drawing पेश नगरेको रु.**<br>कामको विवरण \| \| \| <br>Gabion work \| 2025.8 \| 3800 \| 7698040<br>RRM (1:4) \| 252 m3 \| 5000 \| 1260000<br>Total \| 8958040 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४.३</td><td></td><td></td><td>Left and right abutment raft को लम्बाई ८.४ मा ९ मीटर देखाएको र Stem मा उचाई ४.४ हुनुपर्नेमा ४.७ देखाएकोले Drawingभन्दा बढी भएको १४.६८८m3 रु. १२००० को दरले हुने रकम असुल गर्नुपर्ने रु.</td><td>१७५,२५६</td></tr>
<tr><td>७४.४</td><td></td><td></td><td>नापी गर्दा निम्नानुसार कार्यको Drawing मा उचाई नखुलेको परिमाण यकिन नभएको रु.<br>
<table>
<tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>E/W excavation in foundation</td><td>990.93m3</td><td>400</td><td>396372</td></tr>
<tr><td>PCC m15</td><td>30.07m3</td><td>10000</td><td>146880</td></tr>
<tr><td colspan="3">Total</td><td>543252</td></tr>
</table></td><td>५४३,२५२</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>Construction of meeting hall<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of meeting hall on top floor of municipality building को लागत अनुमान रु. १४१५६७०९.९२ रहेकोमा रु.१०६४३६५८.४६ मा कार्य गर्ने गरी सम्झौता भएकोमा निम्नानुसार पाइयो ।</td><td></td></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन ३०६३ को दफा ५३ र नियमावलीको नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा निम्न कार्यको item हरुबढाई लागत अनुमान तयार गरेको अनियमित देखिएको रु.<br>
<table>
<tr><th>कामको विवरण</th><th>हुनुपर्ने</th><th>देखाएको</th><th>बढी परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>Carbon fiber UPVC</td><td>869.34</td><td>1000.34</td><td>131m2</td><td>2262.36</td><td>2263699.16</td></tr>
<tr><td>Medium class mid pipe</td><td>12614.5</td><td>14500.6</td><td>1892.1</td><td>137.86</td><td>260844.90</td></tr>
<tr><td>False ceiling work</td><td>613.32</td><td>766.65</td><td>153.33</td><td>1482.56</td><td>227320.92</td></tr>
<tr><td colspan="5">Total</td><td>2751864.98</td></tr>
</table></td><td>२,७५१,८६४.९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५.२</td><td></td><td></td><td>स्थलगत परीक्षण गर्दा निम्नानुसार कार्यको बढी मूल्याङ्कन भएकोले असुल गर्नुपर्ने रु.<br><table><tr><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr><tr><td>Form work</td><td>8.88 m2</td><td>250</td><td>2220</td></tr><tr><td>Plaster</td><td>89.15m2</td><td>200</td><td>17831.76</td></tr><tr><td>UPVC</td><td>909.62m2</td><td>800</td><td>Re-measurement गर्नुपर्ने</td></tr></table></td><td>२०,०७१.७६</td></tr>
<tr><td>७५.३</td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा र नापी गर्दा Brick masonry ward मा sill lintel नघटेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>२८,८८०</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>स्थलगत परीक्षण<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयको प्राविधिकसहितको टोलीले स्थलगत निरीक्षण गर्दा निम्नानुसार योजनामा काम कम गरी भुक्तानी गरेको पाएकोले जवाफदेही बनाई असुल गर्नुपर्ने र अन्य योजनाको पनि विस्तृत नापँजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु.<br><table><tr><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th><th>कैफियत</th></tr><tr><td rowspan="2">सुखानी पुल</td><td>Backfilling in abutment</td><td>80m3</td><td>400</td><td>32000</td><td></td></tr><tr><td>Delineator</td><td>40 nos</td><td>1500</td><td>60000</td><td></td></tr><tr><td>रसुवागढ पर्यटकीय क्षेत्र</td><td>Sher wall (plum concrete लेखेको)</td><td>10.564</td><td>12000</td><td>126768.25</td><td>चौडाई ०.३० मी. दिनुपर्नेमा ०.४२ मी. दिएकोले बढी भएको</td></tr></table></td><td>२१८,७६८.३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | Total \| 218768.3 \| | |
| ७७ | | | **Construction of Asphalt concrete road on Bibhuti marga**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of Asphalt concrete road on Bibhuti marga Arjundhara को कार्य Immanuel/ Pathivara JV ले रु. १४०९०९८०.८३ मा कार्य गर्ने गरी सम्झौता गरेकोमा १७९२ रनिङ मीटरको एकमुष्ट नाँपजाँच गरेको देखिएकोले विस्तृत नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु. | ९,०४७,१८६.५ |
| ७८ | | | **Construction of school building of Bhanu Ma.Vi. and Samajsevi Pra.Vi.-5**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of school building of Bhanu Ma.Vi. and Samajsevi Pra.Vi.-5 को लागत अनुमान रु. ७९२०७९२ रहेकोमा Boss Builder pvt. ले रु. ५९६९५२५ मा कार्य गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार पाइयो । | |
| ७८.१ | | | Brick masonry को Flooring कार्य गर्दा २.४२ मीटर हुनुपर्नेमा (सबै कटाएर) २.७५ मीटर उचाई दिएकोले २.३८१ मीटर को प्रति घ.मी. ८५०० को दरले हुने रकम असुल गर्नुपर्ने रु. | २०,२३८.५ |
| ७८.२ | | | निर्माणको ठेक्का अवधि २०७९-९-१ देखि २०७८-१२-३०सम्म रहेकोमा नापी कितावमा नापी मिति लेखेको छैन । भुक्तानी मितिलाई आधार मान्दा २०७९-३-१० मा कार्य सम्पन्न भएको देखिएकोले सार्वजनिक खरिद नियमावलीको नियम १२१ बमोजिम ढिलो कार्य गर्नेलाई ठेक्का रकम ५९६९५२५.८६ को प्रति दिन ०.०५ प्रतिशतले ७० दिनको रकम हर्जाना लिनुपर्ने रु | २०८,९३३.४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>Bar Bending schedule नभएको<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of school building of Maharajgunj Ma.Vi. and Junkiri को Bar Beding schedule नराखी १३७४० के.जी.को रु. १०५ को दरले हुने १४४२७४८ र आधारभूत कन्चनवारी नवज्योती आ.वि.को ८७१८ के.जी.को रु.१०३ को दरले ८९७९५४ गरी २३४०७०२ खर्च लेखेकोले विस्तृत नाँपजाँच गरी Bar Bending schedule पेश गर्नुपर्ने रु.</td><td>२,३४०,७०२</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>विद्युत विस्तार कार्यक्रम<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । देहाय बमोजिमका विद्युत तार विस्तार कार्यक्रम उपभोक्ता समितिलाई दिएको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>भौ र मिति</th><th>उसको नाम</th><th>सम्झौता</th><th>उसको लागत</th><th>नपा</th><th>भुक्तानी</th></tr>
<tr><td>२५१।१२।२४</td><td>सडक वत्ती तथा पोल तार विस्तार उपभोक्ता समिति वडा नं ७</td><td>५७५२९४</td><td>७५२९४</td><td>५०००००</td><td>४९५०००</td></tr>
<tr><td>२६६।१२।१३</td><td>विपद व्यवस्थापन उस वडा ४</td><td>८०९४९८</td><td>१०९४९८.१९</td><td>७०००००</td><td>६९३०००</td></tr>
<tr><td>४३४।३।१९</td><td>पोल तार तथा सडक वत्ती उस वडा ६</td><td>६९२८७७</td><td>९२८७७</td><td>६०००००</td><td>५९४०००</td></tr>
<tr><td>४४८।३।२२</td><td>विद्युत तथा ह्युमपाइप विस्तार उ स वडा ५</td><td>४६११७५</td><td>६११७५</td><td>४०००००</td><td>३९६०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>विस्तृत नाँपजाँच हुनुपर्ने<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । निम्नानुसार योजनाको कार्य गर्दा विस्तृत नाँपजाँच नगरी खर्च लेखेकोले विस्तृत नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>Construction of blacktop road in ward no 9</td><td>4705321.02</td></tr>
<tr><td>Construction of blacktop road in ward no 5</td><td>3359006.11</td></tr>
<tr><td>Construction of blacktop road in ward no 5</td><td>4206555.24</td></tr>
<tr><td>Maintenance of blacktop road</td><td>7303625.60</td></tr>
<tr><td>जम्मा</td><td>19574507.97</td></tr>
</table></td><td>१९,५७४,५०७.९७</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>निर्माणमा देखिएका व्यहोराहरु</td><td></td></tr>
<tr><td>८२.१</td><td></td><td></td><td>कार्यालय संचालन गरेका अधिकांश योजनाहरुमा फलामको डण्डी लागत अनुमान तयार गर्दा प्रतिशतको आधारमा राख्ने गरेको छ । जस्ले गर्दा यथार्थ लागत अनुमान नहुने र कुन Structure मा कुन size र length को स्पष्ट नहुने भएकोले Bar Bending Schedule समावेश गरी यथार्थ लागत अनुमान तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of Additional Stoney on existing building of Sanischare school Arjundhara को भवनको कार्य अर्जुनधारा कन्स्ट्रक्सनले गरेकोमा Brick masonry को कार्य गर्दा Sill, lintel को कार्य नघटाई भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>१५,३९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२.३ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमन तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । Construction of black top road in Arjundhara-5 को कार्यको लागत अनुमान रु. ४३९३५३०.२० रहेकोमा पाथिभरा निर्माण सेवाले कार्य गर्ने गरी रु.३३५९००६ मा सम्झौता गरेको छ । प्रथम रनिङ विल गर्दा ६९५ मिटर नै एकमुष्ट नापँजाँच गरेको देखिएकोले ३०/३० मीटरमा विस्तृत नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु. | १,११९,९२०.४३ |
| ८२.४ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । योजनाको लागत अनुमान रु.४३३८८६१.९४ रहेकोमा रु.३०६८८४०.२० मा कार्य गर्ने गरी विज्ञान कन्स्ट्रक्सनले गरेकोमा ८०२.८ रनिङ मीटर एकमुष्ट नापँजाँचमा देखाएकोले ३०/३० मीटरमा नाँपजाँच गरी परिमाण यकिन गर्नुपर्ने रु. | ३,०५०,७७३.३ |
| ८२.५ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । आधारभूत कायतवारी नवज्योती आ.वि. को कार्य विज्ञान कान्स्ट्रक्सनले गरेकोमा Brick masonry को कार्य गर्दा Sill lintel नघटेकोले १.५२५m3 को रु. १०५०० को दरले हुने रकम असुल गर्नुपर्ने रु. | १६,०१२.५ |
| ८३ | | | **सब-कन्ट्राक्टरबाट कार्य गराएको**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ । कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकीकाम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ। यस पालिका अन्तर्गत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सतप्रतिशत कार्य निम्नानुसारका सब-कन्ट्राक्टरबाट गराएको देखियो । यस सम्बन्धमा कार्यालयले आवश्यक जाँच गरी कानुन बमोजिम गरेको देखिएन । उपभोक्ताले सम्झौता बमोजिमको निम्नानुसारको कार्य सब-कन्ट्राक्टरबाट गराएको नियमित देखिदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं./ मिति</td><td>उपभोक्ता समिति</td><td>कामको विवरण</td><td>लागत इस्टिमेट</td><td>प्राविधिक मूल्याङकन</td><td>निर्माण व्यवसायिको बिल</td><td>भुक्तानी रकम लागत साझेदारी कट्टा गरी</td></tr>
<tr><td>१८१।११।१६</td><td>शंकराचार्य मार्ग कालोपत्रे निर्माण उस</td><td>कालोपत्रे</td><td>७५०७४१५</td><td>३०३०९२०</td><td>२४१५७७०.५०</td><td>२५२४५००</td></tr>
<tr><td>१८२।११।१६<br>१८३।११।१८</td><td>वडा नं २ को सडकहरु कालोपत्रे गर्ने निर्माण उस</td><td>कालोपत्रे</td><td>५८३९९८६.१२</td><td>२८६७९६२.५५</td><td>२३७००६१.७१</td><td>२३७६०००</td></tr>
<tr><td>२३१।१२।१०</td><td>दहाल चोक दक्षिण कालोपत्रे</td><td>कालोपत्रे</td><td>४४८४८३९.०६</td><td>१८३१७३७.८२</td><td>९५००५६.७७</td><td>१५३४५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>
ट्याक कोट<br><br>
सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधनसमेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले देहायका उपभोक्ता समितिलाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाणभन्दा बढी हुने गरी औसत ०.५ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर ३३७७.५ बढी हुने गरी भुक्तानी दिएको परिमाणले हुने रु३६२५०७.०८ असुल गर्नु पर्ने रु.
<table>
<tr><td>भौ नं</td><td>कामको विवरण</td><td>प्राइम कोर्ट लिटर</td><td>ट्याक कोर्ट लिटर</td><td>हुनुपर्ने</td><td>बढी</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>१९१।११।२५</td><td>वडा नं ६ सडक कालोपत्रे</td><td>६७५५</td><td>६७५५</td><td>३३७७.५</td><td>३३७७.५</td><td>१०७.३३</td><td>३६२५०७.०८</td></tr>
</table>
</td><td>३६२,५०७.०८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **पेश्की कट्टा नगरेको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) मा पेश्की प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्नु पर्ने उल्लेख छ । Construction of school building of Bhanu Mavi and Samajsewi mavi को कार्य गर्ने गरी रु ५९६९५२५।८६ मा सम्झौता भएको छ । पेश्की रु ५१६००० भुक्तानी भएकोमा भौ ११।२०७८।११।०१ बाट रु २५३९८४४।१० र भौ २६।२०७८।१२।२० बाट रु २३७५०९०।२२ गरी कुल रु भुक्तानी भएको छ । जसमा रु ३००००० मात्र पेश्की कट्टी गरेको छ । पेश्की रकम कट्टी गर्नुपर्ने रु | ११६,००० |
| ८६ | २ | २०७८-६-४ | **फिर्ता गर्नुपर्ने**<br><br>ससर्त कार्यक्रम अन्तर्गत प्राप्त बजेट सोही शीर्षकमा सोही वर्ष खर्च गर्नुपर्ने हुन्छ । नगरपालिकाले नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्यास।विद्युतीय चुलो।सुधारिएको चुलो) कार्यक्रमबाट गत वर्ष सञ्चालित वायोग्यास जडान कार्यक्रमको दायित्व योजनामा रु३९०००० खर्च गरेको छ । अघिल्लो वर्षको दायित्व सारी सूर्योदय वायोग्यास तथा ऊर्जा विकास कम्पनी इन्द्रपुर मोरङ्गलाई २०७८ जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा समयमै योजना सम्पन्न नगरी यस वर्षका लागि विनियोजित कार्यक्रमबाट २६ लाभग्राहीहरुको खातामा रु१५००० का दरले कुल रु ३९०००० खर्च स्थानीय संचितकोषबाट संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु | ३९०,००० |
| ८७ | | | **चेनेज**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संचालन गरेका सडकहरुको लागत अनुमान तयार गर्दा र नापी गर्दा चेनेज उल्लेख नगरेकोले कुन स्थानमा कहाँ देखि कार्य सम्पादन गरेको हो खुलाएको छैन । जसले गर्दा काममा दोहोरोपना पर्न सक्ने देखिन्छ। केही उदाहरणहरुः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोभौन</td><td>उपभोक्तासमितिको नाम</td><td>योजनाको विवरण</td><td>रकम</td></tr>
<tr><td>८</td><td>मङगल एकता टोल बाटोनिर्माण उपभोक्ता समिति</td><td>मङगल एकता टोल बाटोनिर्माण</td><td>२५००००</td></tr>
<tr><td>१०</td><td>जय पाथिभराकन्स्ट्रक्सन</td><td>वडा न ५,६,११ को सडककालोपत्रे</td><td>२३०४६४१</td></tr>
<tr><td>२१</td><td>सिह निर्माण सेवा</td><td>वडा न ७,८,९ र १० कोसडक कालोपत्रे</td><td>४५२४८२८</td></tr>
<tr><td>२५</td><td>विपद व्यवस्थापन तथामर्मत उपभोक्ता समिति</td><td>वडा न ७ मर्मत सम्भार</td><td>९९९९५०</td></tr>
<tr><td>३०</td><td>सिद्धी दात्री निर्माणसेवा</td><td>नगरस्तरीय समपूरक कोष</td><td>२९३३५११</td></tr>
<tr><td>४०</td><td>यलम्बर कृषी मार्गह्युमपाइप जडान उपभोक्ता समिति</td><td>यलम्बर कृषि मार्गमयानाथ घिमिरेको घरसम्म ग्राभल</td><td>१९८०००</td></tr>
<tr><td>४१</td><td>मर्मत सम्भार उपभोक्तासमिति</td><td>वडाका विभिन्न सडककोखाल्डाखुल्डी पुर्ने कार्य</td><td>२९७०००</td></tr>
<tr><td>४९</td><td>मर्मत सम्भार उपभोक्तासमिति</td><td>मर्मत सम्भार-वडा नं११ का बाटाहरु</td><td>२९७०००</td></tr>
<tr><td>४७</td><td>लाप्चेटार बाटो मर्मतउपभोक्ता समिति</td><td>लाप्चेटार जाने बाटोकोवीच खण्ड मर्मत</td><td>१९८०००</td></tr>
<tr><td>७०</td><td>गडीगाउकालोपत्रेउपभोक्ता समिति</td><td>गढी कालोपत्रे (शितलामार्ग)</td><td>६९३०००</td></tr>
<tr><td>७१</td><td>शितला मार्ग उपभोक्तासमिति</td><td>शितला मार्गदक्षिण गर्दै गरेको २५० मि कालोपत्रे निरन्तरता</td><td>९९००००</td></tr>
<tr><td>९३</td><td>निर्माणाधीन वडाकार्यालय जाने बाटो ग्राभेल उस</td><td>निर्माणाधीन वडाकार्यालय जाने बाटो ग्राभेल</td><td>१९८०००</td></tr>
<tr><td>१०७</td><td>कालोपत्रे बाटोनिर्माण उपभोक्ता समिति</td><td>लक्ष्मी मा.वि दक्षिण ११ न सिमानासम्म २१५ मि कालोपत्रे,कसानवाडी चोक पश्चिम पुरानो शनिश्चरे रोडसम्म १५० मि कालोपत्रे,पुष्पलाल</td><td>१८६३०८०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | चोक छाताचोक हुंदै कदम गाछीसम्म ७५० मि कालोपत्रे ,महानन्द चोक पश्चिम विहानी टोल रोड न. ८ जोड्ने बाटो २०० मि कालोपत्रे | |
| १०० | बद्री चौधरीको घरपूर्वसडक ग्राभेल उस | बद्री चौधरीको घर पूर्व सडक ग्राभल | १४८५०० |
| १२६ | बाटोग्रावल उपभोत्ता समिति | मर्मत सम्भार | ३६६३०० |
| १३७ | पौडेलचोकपूर्व ग्राभेल बाटो निर्माण समिति | पौडेलचोक पूर्व ग्राभेल | ३९४६५६ |
| १४१ | मिलडांडा उत्तरग्राभल (पवित्रा देवि खनालको घर उत्तर) | पवित्रा खनालको घर हुदै बालुवाटार जाने बाटो ग्राभेल उ.स. | ४९५००० |
| १५२ | मदनपुरबाट हरीखतिवडाको घर जोड्ने बाटो ग्राभेल | मदनपुरबाट हरी खतिवडाको घर जोडने बाटो ग्राभेल उपभाेत्ता समिति | २९७००० |
| १५६ | जुकेखाडी सामुदायिक वनदेखि मुक्ति भटटराईको घरसम्म बाटो मर्मत तथा ह्युम पाइप जडान | जुकेखाडी सामुदायिक पश्चिम ठाडो बाटो निर्माण उपभोत्ता समिति | ४९५००० |
| १७१ | मदनपुरजरुवा बाटो कालोपत्रे,दाहालचोक राजन गिरी जोड्ने बाटो कालोपत्रे र राजेन्द्रकार्कीको घरबाट झोलुङ्गे पुल कालोपत्रे | वडास्तरीय सडक कालोपत्रे निर्माण उपभाेत्ता समिति | २५५०००० |
| १७८ | पुरानो सब्जीबजारको वरिपरी ड्रेनसहितको कालोपत्रे निर्माण | पुरानो सब्जी बजारमा ड्रेनसहितको नाला निर्माण उ.स. | १०१९७०० |
| १८१ | शंकराचार्यमार्ग कालोपत्रे | शंकराचार्य मार्ग कालोपत्रे नि.उ.स. | २५२४५०० |
| १८२ | वडा कार्यालयबाटइलाका जोड्ने बाटो कालोपत्रे | वडा न. २ को सडकहरु कालोपत्रे गर्ने निर्माण उपभोत्ता समिति | १३८६००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>२५४२३६६६</td></tr></table></td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>डण्डीको परिणाम<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ । तर पालिकाले अधिकांश योजनाहरुमा ड्रइङ्ग तयार नगरेकोले लागत अनुमानको परिमाण र निर्माण पछिको एजविल्ट ड्रइङ्गसमेत तयार नगरेकोले नापी गरेको परिमाण यकिन गर्ने नसकीएकोले खर्च यकिन गर्न सकिएन । अतः नियमको पालना गरी निर्माण कार्यलाई व्यवस्थित गराउनुपर्दछ । गोभौनं ९८।२०७८।०९।३० मा वडा नं १ ज्याङछुङ छोलिङ्ग गुम्बा भौतिक पूर्वाधार व्यवस्थापन शीर्षकबाट भएको खर्चमा नापी किताबमा उल्लेख भएअनुसारभन्दा फरक तरिकाले डण्डीको विवरण खुलाइ विजक पेश गरेकोले उक्त रकम असुल उपर गर्नुपर्ने.<br><table>
<tr><td>नापी किताबमा</td><td>संख्या</td></tr>
<tr><td>4T 16mm dia</td><td>161.92</td></tr>
<tr><td>2T 12mm dia</td><td>45.60</td></tr>
<tr><td>4T 16mm dia</td><td>156.04</td></tr>
<tr><td>2T 12mm dia</td><td>43.95</td></tr>
<tr><td>10 mm dia</td><td>532.10</td></tr>
<tr><td>8 mm dia</td><td>339.22</td></tr>
<tr><td>Slab beam</td><td>156.44</td></tr>
<tr><td>Total</td><td>1435.27</td></tr>
<tr><td>हुनुपर्ने</td><td>1608.9</td></tr>
</table></td><td>१९,१५३.१३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फरक</td><td>173.63</td></tr>
<tr><td>दर</td><td>110.31</td></tr>
<tr><td>रकम</td><td>19153.13</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>
ड्रइङ्ग<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ । तर पालिकाले अधिकांश योजनाहरुमा ड्रइङ्ग तयार नगरेकोले लागत अनुमानको परिमाण र निर्माण पछिको एजविल्ट ड्रइङ्गसमेत तयार नगरेकोले नापी गरेको परिमाण यकिन गर्ने नसकीएकोले खर्च यकिन गर्न सकिएन । अत नियमको पालना गरी निर्माण कार्यलाई व्यवस्थित गराउनुपर्दछ। केही उदाहरणहरुः
<table>
<tr><th>गोभौन</th><th>उपभोक्तासमितिको नाम</th><th>योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td>५</td><td>पथरी कन्स्ट्रक्सन</td><td>वडा न ७ मा ड्रेनसहितको पेर्भस सडक निर्माण</td><td>३१८१४०४</td></tr>
<tr><td>९</td><td>बिरीङ्ग कजवे मर्मततथा नदी नियन्त्रण उ स</td><td>शहिद राजन गिरीमार्गमा पर्ने बिरिङ्ग कज्वे निर्माणको लागि ग्याविन व्यवस्थापनको लागि ल इ कोआधारमा बजेट बिनियोजन- अर्जुनधारा ५</td><td>१५०००००</td></tr>
<tr><td>१२</td><td>पग्ला खोला कल्भर्टनिर्माण उपभोक्ता समिति</td><td>नगरस्तरीय मर्मतसम्भार कोष</td><td>५०००००</td></tr>
<tr><td>१५</td><td>दुर्गा देवी लक्ष्मीश्रेष्ठ निर्माण सेवा</td><td>आधारभूत स्वास्थ्यसेवा केन्द्र भवन निर्माण वडा न १ र ५ ससर्त अनुदान गत आ.ब. दायित्व भूक्तानी</td><td>१०९७२८२</td></tr>
<tr><td>११</td><td>सुखानी शहीद स्मृतिप्रतिष्ठान नेपाल</td><td>सहिद स्मृती उद्यानपुर्बाधार बिकास अर्जुनधारा - ९ ससर्त अनुदान गत आ.ब.को दायित्व भूक्तानी</td><td>३६३७७०८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | २२ \| शङ्कराचार्य पीठ \| शकर्चाय पिक पर्यटनपुर्बाधार कार्यक्रम ससर्त अनुदान गत आ.ब.दायित्व भूत्तानी \| १३००००० | |
| | | | २६ \| वडा नं ९ भवन निर्माणउपभोक्ता समिति \| वडा कार्यालय निर्माण२, ६ र ११ \| १०९८००० | |
| | | | ७७ \| माइ भगवतीकन्स्ट्रक्सन \| वडा न ३ पगला खोलामापुल निर्माण \| १५३७१७५ | |
| | | | ७८ \| वडा कार्यालय भवन निर्माणउपभोक्ता समिति \| वडा कार्यालय निर्माण २, ६ र११ \| ८२२५६३ | |
| | | | जम्मा \| १४६७४१३२ | |
| ९० | | | **१५ वेड हस्पिटल**<br><br>Construction of 15 bed hospital building of Arjundhara municipality को लागत अनुमान रु. १६१६३६४९१.३४ रहेकोमा सो को Detail project report को कार्य BRS Engineering ले गरेकोमा Rate analysis गर्दा बढी दर राखेको, E/W excavation 8998m3 आवश्यकता नै नभएको परिमाण दिएको लगायतको कार्य गरेको देखिएकोले यथार्थ DPR तयार नभएकोले कार्यालयले एकिन गर्नुपर्दछ । | |
| ९१ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ९१.१ | | | सामाजिक सुरक्षा खर्चः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७८।८९ सामाजिक सुरक्षाप्राप्त रु २६९७१३९५९मध्ये कुल ११ वडामा २८२०७ जनालाई सामाजिक सुरक्षा भत्ता बापत रु २६९७१३९५९ नै खर्च भएको देखाई आर्थिक वर्षको अन्त्यमा बाँकी रु ५१३८४४।४२ सँघिय सञ्चितकोष फिर्ता गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१.२ | | | **सामाजिक सुरक्षा भत्ता वितरणमा देखिएका व्यहोराहरु**<br><br>• सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।<br>• **एम.आई.एस. विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।<br>• **प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।<br>• **हिसाब फरफारखः** सामाजिकसुरक्षाभत्तावितरणकार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफारख गरेको देखिएन। यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको भत्ता रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।<br><br>• सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन ।<br><br>• मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।<br><br>• बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था पंज्जिकरण कार्यविधिमा उल्लेख भएकोमा पालिकाले बैंकलाई यस सम्बन्धमा जानकारी नै दिएको देखिएन ।यस्तो खाताको अनुगमन गरी रकम फिर्ता गर्नुपर्दछ ।<br><br>• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसूची ७ र ८ अनुसूची मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण नगरपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैंकसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।<br><br>• **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br>• **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br>• **अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| ९१.३ | | | **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमासमेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्ने सबै लाभग्राहीको भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमासमेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।<br>वडा नं: १-११, लगत कट्टा संख्या: ६४५ | |

| वडा नं | लगत कट्टा संख्या |
|---|---|
| १-११ | ६४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९२</td><td></td><td></td><td>
शेयर लगानी<br><br>
नगरपालिकाले वित्तीय स्रोत शीर्षकबाट देहाय बमोजिमको संस्थामा शेयर लगानी गरेको छ । वित्तीय प्रतिवेदनमा यस लगानीलाई समावेश गरेको छैन भने हालसम्मको लगानी र सोको प्रतिफल सम्बन्धी विवरण लेखापरीक्षणका क्रममा पेश भएन ।
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>अर्जुनधारा नगर बिकास बहुउद्शीय सहकारीमा शेयर लगानी</td><td>२५,००,०००</td></tr>
<tr><td>कन्काइ अर्जुन बिर्ता बायोग्यास प्रा लि शेयर लगानी</td><td>१५,००,०००</td></tr>
</table>
योजना कार्यान्वयनः पालिकाले कन्काई-विर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहर मैला व्यवस्थापन लिमिटेडसँग सहकार्यमा २०७८सम्ममा १००० घरबाट निस्किएको कूहिने फोहरको ग्यासलाई पाइप लाइन मार्फत वितरण गर्ने कार्य गर्न उक्त कम्पनीसँग २०७६।३।३० मा सम्झौता गरी आ.व. २०७६।७७ मा रु.१० लाख गत आवमा रु.१५ लाख र यस आ.व.मा रु. १५ लाख गरी रु. ४० लाख लगानी गरेकोमा हालसम्म यो कार्यक्रम संचालन भएको नदेखिएकोले सम्झौताको कार्यान्वयन हुनुपर्दछ ।<br><br>
सहकारीमा लगानीः नगरपालिकाले अर्जुनधारा नगर विकास बहुउद्देश्यीय सहकारीसँग मिति २०७९। ०२।१९ मा सम्झौता गरी रु २५ लाख लगानी गरेको छ । सहकारीले नगरपालिकालाई मिति २०७९।२।२३ मा प्रति सेयर रु१०० ले हुने कुल २४९०० कित्ता सेयरको सेयर प्रमाणपत्र उपलब्ध गराएको छ भने रु १०००० प्रवेश शुल्क भनि कट्टा गरेको छ । सहकारी दर्तासम्बन्धी विवरण हेर्दा मिति २०७८।५।८ गते नगरपालिकाको वडा नं ८ बाट व्यवसाय प्रमाणपत्र लिएको जसमा चालु पुँजी रु १५ लाख छ । सहकारीको कुल सम्पत्ती आम्दानीको लेखापरीक्षण नभई नै नगरपालिकाले लगानी
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोले संस्थाको कुल चुक्ता पुँजी कति हो र नगरपालिकाको हिस्सेदारी कति प्रतिशत रहेको भन्ने एकिन भएन । लगानीको सुरक्षा र प्रतिफलसम्बन्धमा नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| ९३ | | | **खरिद सम्झौता**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ नियम १११ मा बोलपत्रबाट हुने खरिदमा सम्झौता कार्यान्वयनको अवस्था अनुसार देहायका प्रकृया पालना गर्नुपर्ने व्यवस्था भएको देखिएन । यसमा सुधार गर्नपर्दछ ।<br><br>• पोष्ट बिड कन्फ्रेन्स गरेको छैन ।<br>• सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पेश नगरेको<br>• प्रगति अनुगमन नगरेको<br>• निर्माण कार्यस्थल सुम्पने गरेको छैन ।<br>• कार्यान्वयन सम्बन्धित कागजात सिलसिलाबद्ध र व्यवस्थित राखेको छैन<br>• बजेट र कस्ट एकाउन्टीङ्ग, वित्तीय व्यवस्थापन<br>• सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन । | |
| ९४ | | | **खरिद इकाई**<br><br>सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाखभन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोडभन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन । | |
| ९५ | ४५८ | २०७९-३-२३ | **शिर्षक फरक**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ ।वडा नं ३ प्रहरी चौकी व्यवस्थापन खर्च सोधभर्ना वापत रु९८०१० ढुण्डिराज गौतमलाई वडा नं ३ अधुरो भवन निर्माण शीर्षकबाट भएकोले फरक खर्च शीर्षकबाट भुक्तानी भएको रकम नियमित गर्नुपर्ने रु | ९८,०१० |
| ९६ | | | **कन्टिन्जेन्सी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) बमोजिम योजनाको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्चको लागि २ प्रतिशत र सानातिना अन्य खर्चको लागि २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत रकम छुट्याउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पुँजीगत शीर्षकबाट योजनाको लागतको ४ प्रतिशत रकम कट्टा गर्ने गरेको पाइयो । पालिकाले यस वर्ष कार्यविधिसमेत नबनाई कन्टिन्जेन्सी शीर्षकबाट रु.२१,५६,०६९.०० खर्च लेखेको छ । आयोजनागत कन्टिन्जेन्सी खर्च विवरण राखेको छैन । पालिकाले यसरी कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि स्वीकृत गरी सोही व्यवस्थाको आधारमा अभिलेख राखी खर्च गर्नुपर्दछ । | |
| ९७ | | | **डोर हाजिरी फाराम नियन्त्रण खाता**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ३५,४५,४८,२१२.३४ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ९८ | | | **किशोरी सशक्तिकरण कार्यक्रम**<br><br>२।३।२५ किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ को दफा ५ (४) मा बालविवाहको रोकथाम र निरुत्साहनका लागि समुह गठन गरी समूहले सञ्चालन गर्ने सचेतना गोष्ठी, बाल दिवस तथ बालिका दिवस कार्यक्रम, सामुहिक छलफल जस्ता कार्यक्रम तथा गतिविधि सञ्चालन सम्बन्धमा समूहको बैठकको निर्णय बमोजिम विद्यालयले बजेट उपयोग गर्नुपर्ने र सो बजेट रकम खर्च सम्बन्धी विवरण स्वीकृत ढाँचामा तयार गरी प्रतिवेदन गर्नु पर्ने उल्लेख छ । पालिकाले सोही कार्यक्रम अन्तर्गत महारानी गञ्ज माविलाई रु. ५५०००/- निकासा दिएकोमा सो कार्यक्रम सञ्चालन निर्देशिकामा व्यवस्था भए बमोजिम खर्च विवरण पेश हुन नआएको रु. | ५५,००० |
